छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
वर्ष २५ •अंक १५६ •२०८० साल कार्त्तिक १३ गते सोमबार (30 October, Monday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

# विकासशील मुलुकमा स्तरोन्नति हुन गरिएका नेपालका प्रयास प्रशंसनीय : महासचिव गुटेरेस

**टुडे समाचारदाता**

काठमाण्डु । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले नेपालले अल्पविकसितबाट विकासशील मुलुकमा स्तरोन्नति हुन गरेका प्रयास प्रशंसायोग्य रहेको बताएका छन् ।

नेपालको चारदिने औपचारिक भ्रमणमा रहेका उनले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग सिंहदरबारमा भेटवार्तापछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै विश्वमा शान्ति स्थापना र बहुपक्षीय समस्या समाधानका लागि नेपालले उल्लेख्य भूमिका खेलेको पनि बताए।

"नेपालले पछिल्लो २० वर्षमा शान्ति स्थापनाका साथै राजनीतिक व्यवस्था परिवर्तनमा सकारात्मक उपलब्धि हासिल गरेको छ। आगामी दिनमा नेपालले जलवायु परिवर्तन र दिगो विकासको लक्ष्य हासिल गर्न चालेका कदम पनि प्रशंसनीय छन्", उनले भने ।




कोभिड-१९ पछि उत्पन्न भएको अन्तर्राष्ट्रिय आर्थिक सङ्कट र जलवायु परिवर्तनको जोखिममा नेपाल पनि परेको उल्लेख गर्दै उनले जलवायु परिवर्तनको असर र जोखिममा रहेको नेपाललाई विकसित राष्ट्रले सहयोग गर्नुपर्ने बताए ।

महासचिव गुटेरेसले भम्रणका क्रममा नेपालका हिमाली भेगको अवलोकन गर्ने र जलवायु परिवर्तनले हिमाली क्षेत्रमा पारेको गम्भीर असरलाई आफैँले अवलोकन गर्ने जनाउँदै जलवायु परिवर्तनका कारण प्रभावमा परेका समुदायसँग भेट्ने उनले बताए ।

महासचिव गुटेरेसले नेपालको सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउँदा अन्तर्राष्ट्रिय मापदण्ड र सर्वोच्च अदालतको फैसलाका आधारमा पीडित, तिनका परिवार र समुदायमा शान्ति र न्यायको प्रत्याभूति दिलाउनपर्नेमा जोड दिए ।

महासचिव गुटेरेसले नेपालमा आफ्नो भ्रमणले राष्ट्रसङ्घ र नेपालबीचको आपसी सम्बन्ध र सहकार्यलाई थप मजबुत बनाउने विश्वास व्यक्त गरे । महासचिव गुटेरेसले आफूले पोखरा र लुम्बिनीको भ्रमण गर्ने जनाउँदै भगवान् गौतम बुद्धले शान्तिका लागि दिएका उपदेश आजको अशान्त र समस्याग्रस्त विश्वका लागि सबैभन्दा धेरै उपयोगी सावित हुने बताए । महासचिव गुटेरेसले नेपालमा अन्तर ाष्ट्रिय सहयोग बढाउन पहल गर्ने विश्वास पनि दिलाए ।

"नेपाल विश्वको मित्र बनेको छ। त्यसैले विश्वका सबै राष्ट्र अब नेपालको असल मित्र बन्नुपर्छ । आपसमा सहकार्य र सहयोगले त्यो सम्भव हुन सक्नेछ" महासचिव गुटेरेसले भने । महासचिव गुटेरेसले इजरायल र प्यालेस्टाइनबीचको जारी युद्धका सन्दर्भमा कहिल्यै पनि नागरिकको हत्या, अपहरण र यातना दिने काम कुनै पनि हालतमा न्यायिक हुन नसक्ने स्पष्ट गर्दै गाजाको स्थिति झन खराब हुँदै गइरहेकामा दुःख व्यक्त गरे ।

"मलाई दुःख लागेको छ तत्काल मानवीय उद्धारका लागि अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गर्दै गर्दा इजरायलले आफ्नो सैनिक कारबाही बढाएको छ", महासचिव गुटेरेसले भने, "कुनै पनि पक्षले युद्धसम्बन्धी अन्तर ाष्ट्रिय कानुन र मान्यताको पालना, मानवीयता र आफ्ना दायित्वको सम्मान र पालना गर्नुपर्छ । युद्धका समयमा नागरिकको सुरक्षालाई कसरी ध्यान दिने भन्ने मानवीय कानुन र अभ्यासको पालना अपरिहार्य हुन्छ ।"

गाजा क्षेत्रमा विश्वका झण्डै २० लाख मानिस आवास, खाद्यान्न, खानेपानी र स्वास्थ्य उपचारबाट वञ्चित भइरहेको बताउँदै उनले सबै प्रकारका युद्धको बिराम गरी अपहरणमा परेकालाई सुरक्षित फिर्ता गर्न र जोखिममा रहेका गाजाका नागरिकलाई तत्काल उद्धार उपलब्ध गराउन सरोकारवाला सबै पक्षसँग आह्वान गरे ।

उनले इजरायलमा हमासको आक्रमणमा परी मृत्यु भएका १० जना नेपालीका परिवारप्रति शोक व्यक्त गर्दै अहिलेसम्म बेपत्ता रहेका विपिन जोशीको सुरक्षित उद्धारको अपेक्षा गरे ।






# मुटु रोगको निःशुल्क उपचार शिविर

टुडे समाचारदाता

राजविराज । मुटु रोग स्वास्थ्य शिविरमा बिरामीको घुइँचो लागेको छ ।

जयन्ती स्मृति प्रतिष्ठान, मनमोहन कार्डियो थोरापिक मस्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, गजेन्द्र नारायण सिह अस्पताल राजविराजद्वारा आयोजित चार दिने मुटु रोग स्वास्थ्य शिविरको पहिलो दिन बिरामीको घुइँचो लागेको छ ।

नगरक्षेत्रको १६ वटै वडालाई लक्षित गरी आयोजना गरिएको शिविरको पाहिलो दिन आइतबार नगर तथा आसपासका विभिन्न पालिकाबाट समेत उपचारका लागि बिरामी आउन थालेपछि शिविरमा घुइँचो लागेको छ ।

शिविरमा मुटु सम्बन्धी रोगको निःशुल्क उपचार, स्वास्थ्य परीक्षणका साथै औषधि समेत निःशुल्क प्रदान गर्ने व्यवस्था मिलाइएको प्रतिष्ठानकी प्रबन्धक निर्देशक श्रीमती आयुषा कटुवालले जानकारी दिइन ।



गजेन्द्र नारायण सिंह अस्पतालमा संचालन भइरहेको शिविरमा पहिलो दिन २ सय भन्दा बढी बिरामीले उपचार सेवा प्राप्त गरेको प्रतिष्ठानका प्रतिनिधि दिपक थापाले जानकारी दिए ।

वरिष्ठ चिकित्सक अनिल भट्टराई, डा.रविन कुमार बराल, डा. सोभित थापा, डा. दिनेश उप्रेति, डा. क्षितज राज पुडासैनी, डा. रामहरी केसी, डा. प्रभा मोक्तान, डा. स्वतिका हुमागाई सहितको १६ सदस्यीय चिकित्सकको टोलीले उपचार सेवा प्रदान गर्ने प्रतिष्ठानले जनाएको छ। स्वास्थ्यको सूचकांङ्कमा सप्तरी निकै पछाडि रहेको तथा गरिबी र विपन्नताका कारण स्वास्थ्य सेवा नपाइ समस्यामा रहेकाहरुलाई लक्षित गरी शिविर आयोजना गरिएको प्रष्ठिानकी प्रबन्धक निर्देशक कटुवालले बताइन ।

शिविरमा इसिजी, इको, उच्च रक्तचाप लगायत रोगको जाँच पनि निःशुल्क गर्ने गरिएको छ भने निःशुल्क प्रदान गरिने औषधिहरु वेस्ट फर्मासिटिकलले सहयोग स्वरुप उपलब्ध गराएको प्रतिष्ठानले जनाएको छ ।

# सप्तरी महोत्सव शुरु

टुडे समाचारदाता

राजविराज । संस्कृति, पर्यटन, कृषि तथा व्यापार प्रवर्द्धन गर्ने उद्देश्यका साथ सप्तरी महोत्सव शुरु भएको छ ।

स्थानीय राजरंगशालमा १५ दिनसम्म चल्ने महोत्सवको राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परवीनले आइतबार उद्घाटन गरेकी छन् । त्यस अवसरमा नगरप्रमुख परवीनले सप्तरी महोत्सवले सप्तरीको धार्मिक, संस्कृति, पर्यटन, कृषि तथा व्यापार प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरिन ।

महोत्सवले पर्यटन विकास र आर्थिक सम्वृद्धिका लागि निकै मद्दत पुऱ्याउने छ, उनले भनिन, "शान्तपूर्ण र अनुशासित माहोलमा महोत्वस सकोस् भन्ने मेरो शुभकामना छ ।"

निजी क्षेत्रको साझेदारी बिना विकास सम्भव नभएको जिकिर गर्दै उनले विकास र समृद्धिको सहयात्री बनाउने गरी सरकारले नीति बनाउनु पर्नेमा जोड समेत दिइन ।

महोत्सव स्थल भित्र मदिरा र सूर्तीजन्य पदार्थ सेवन गरेकाहरुलाई प्रवेश निषेध गर्नुका साथै भित्र सोको बेचबिखनमा समेत प्रतिबन्ध लगाइएको महोत्सव मेला समितिका संयोजक सत्येन्द्र यादवले जानकारी दिए ।




महोत्सव आयोजक सप्तरी युथ नेपाल राजविराजका कार्यवाहक अध्यक्ष मोहन कुमार यादवको अध्यक्षतामा आयोजित उद्घाटन समाहरोमा नागरिक समाज सप्तरीका अध्यक्ष थानसिह भन्साली, प्रमुख जिल्ला अधिकारी किरण थापा, पत्रकार महासंघ शाखा सप्तरीका सभापती श्रवण कुमार देव, मैथिली साहित्य परिषद सप्तरी अध्यक्ष अवधेश झा, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादव, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, ब्रह्मा कुमारी राजयोग सेवा केन्द्रकी मुख्य प्रभारी भगवती दिदी, राजविराज नगरपालिकाका प्रवक्ता जयनारायण मण्डल लगायतले मन्तव्य राखेका थिए ।

महोत्सवमा औद्योगिक, व्यापारिक, हस्तकला, कृषि, घरेलु उद्योगबाट उत्पादिन वस्तु, कला संस्कृति झल्किने कार्यक्रम एवं वस्तुको प्रर्दशनीका तीन दर्जन भन्दा बढी स्टलका साथै मनोरञ्जनका लागि विभिन्न खेल तमाशाको व्यवस्था गरिएको महोत्सवका संयोजक यादवले जानकारी दिए ।

# राष्ट्रसंघीय शान्ति 'मिसन'को नेतृत्व नेपालले पाउनुपर्छ : राष्ट्रपति

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसँग संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले आज राष्ट्रपति कार्यालयमा शिष्टाचार भेट गर्नुभएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को निमन्त्रणामा चारदिने औपचारिक भ्रमणका क्रममा आज बिहान नेपाल आउनुभएका महासचिव गुटेरेससँगको शिष्टाचार भेटमा राष्ट्रपति पौडेलले जलवायु परिवर्तनका कारण हिमाली देश नेपालले भोग्नुपरेका समस्या र समाधानको उपाय, जारी शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउने र राष्ट्रसङ्घीय शान्ति स्थापना अभियानमा नेपालको योगदान र जिम्मेवारीलगायत समसामयिक विषयमा राष्ट्रसङ्घीय उच्च प्रतिनिधिमण्डलको ध्यानाकर्षण गर्नुभयो ।

उक्त अवसरमा राष्ट्रपति पौडेलले नेपाल जलवायु परिवर्तनको कारक नभए पनि नेपालले भोग्नुपरेका यसका नकारात्मक परिणामबारे गम्भीर हुन अनुरोध गर्नुभयो । उहाँले जलवायु परिवर्तनको असर घटाउन जलवायु परिवर्तनका कारक बनेका विकसित मुलुकहरूलाई आफ्ना दायित्व पूरा गर्नेतर्फ आवश्यक पहलकदमी लिन राष्ट्रसङ्घ प्रतिनिधि मण्डलसमक्ष आग्रह गर्नुभएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो ।



राष्ट्रपतिले पीडितलाई न्याय, दण्डहीनतालाई निरुत्साहित गर्नेगरी भएको अदालतको आदेश र संयुक्त राष्ट्रसंघको चासोलाई दृष्टिगत गरी मेलमिलापको सिद्धान्तका आधारमा बाँकी काम पूरा गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको श्री पोखरेलले जानकारी दिनुभयो ।

राष्ट्रपति पौडेलले 'जलवायु परिवर्तनका कारण हामी होइनौँ, अरूले अधिक कार्बन उत्सर्जन गरेका कारण हामी मारमा परेका छौँ, यस्तो अवस्थामा राष्ट्रसङ्घले वातावरण बिगार्नेहरुलाई उनीहरुको दायित्व पूरा गर्न झक्झक्याउनुपर्छ, जलवायु परिवर्तनका दुष्प्रभाव हामीले ब्यहोऱ्यौँ, अब सारा विश्व र मानवजातिले नै ब्यहोर्नुपर्ने हुन्छ, त्यसैले हामी सबैले त्यसविरुद्ध संयुक्त प्रयास गरौँ । त्यसको नेतृत्व राष्ट्रसङ्घले लिनुपर्छ", राष्ट्रपति पौडेललाई उद्धरण गर्दै सल्लाहकार पोखरेलले राससलाई बताउनुभयो ।

भेटका क्रममा सगरमाथा क्षेत्र, अन्नपूर्ण आधारशिविर जस्ता स्थलको भ्रमण स्वयम् महासचिवले गर्नुहुने भएकाले सेता हिमाल कसरी काला हुँदैछन्, अतिवृष्टि र अनावृष्टिका कारण परेको प्रभाव आफैँ महसुस गर्ने विश्वास व्यक्त गर्दै राष्ट्रपतिले बृहत् शान्ति सम्झौताअनुसार नै शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्नेतर्फ सरकार अघि बढेको बताउनुभयो ।

राष्ट्रपतिले पीडितलाई न्याय, दण्डहीनतालाई निरुत्साहित गर्नेगरी भएको अदालतको आदेश र संयुक्त राष्ट्रसङ्घको चासोलाई दृष्टिगत गरी मेलमिलापको सिद्धान्तका आधारमा बाँकी काम पूरा गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको श्री पोखरेलले जानकारी दिनुभयो ।

अहिलेको जटिल विश्व राजनीतिक परिवेशमा राष्ट्रसङ्घको भूमिका अझ बढेको उल्लेख गर्दै राष्ट्रपतिले राष्ट्रसङ्घीय शान्ति 'मिसन'को नेपाल दोस्रो ठूलो योगदानकर्ता भएको स्मरण गराउँदै शान्ति सेनामा मार्फत नेपालले गरेको योगदानका निम्ति शान्ति सेना नेपाललाई नेतृत्व तहको जिम्मेवारी उपलब्ध गराउन महासचिव गुटेरेससँग अनुरोध गर्नुभएको थियो ।

महासचिव गुटेरेसले हरित गृह ग्यास उत्सर्जनमा नेपालको कुनै भूमिका नभए पनि नेपालले सबैभन्दा बढी यसको असर भोग्नु परिरहेकोउल्लेखगर्दैजलवायुसम्बन्धी राष्ट्रसङ्घीय सम्मेलन 'कोप' प्रसङ्ग उठाउँदै जलवायु परिवर्तनका नकारात्मक असरबारे विश्वलाई सन्देश प्रवाह गर्न आफू नेपाल भ्रमणमा आएको बताउनुभयो ।

आफ्नो नेपाल भ्रमण तीन 'एजेण्डा'मा केन्द्रित रहेको जानकारी दिँदै महासचिव गुटेरसले नेपालको सफल शान्ति प्रक्रिया, जलवायु परिवर्तनको असर र विश्व अस्थिरताको कारक बनेको असमानताको न्यूनीकरणका लागि विश्वलाई सन्देश दिन नेपाल उपयुक्त ठाउँ भएकाले यहाँ आएको बताउनुभयो ।

राष्ट्रपति पौडेलले शान्ति सम्झौताको मस्यौदा तयार गरेको स्मरण गर्दै महासचिवले राष्ट्रपति पौडेलकै कार्यकालमा त्यसका बाँकी काम पूरा हुने विश्वास व्यक्त गर्नुभयो ।

त्यस अवसरमा परराष्ट्रमन्त्री नारायणप्रकाश साउद, राष्ट्रपति कार्यालयका सल्लाहकार तथा पदाधिकारी तथा परराष्ट्र मन्त्रालयका उच्च अधिकारीको उपस्थिति थियो ।

यसअघि महासचिव गुटेरेसले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्का र परराष्ट्रमन्त्री साउदसँग बेग्लाबेग्लै भेट गर्नुभएको थियो ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीसँग उहाँले सङ्घीय संसद् भवन नयाँबानेश्वरमा छुट्टाछुट्टै भेटवार्ता गर्नुभएको थियो ।

प्रधानमन्त्री दाहालले महासचिव गुटेरेसको सम्मानमा आज साँझ सांस्कृतिक कार्यक्रमसहितको रात्रिभोज आयोजना गर्नुभएको छ ।

महासचिव गुटेरेस नेतृत्वको प्रतिनिधिमण्डलमा संयुक्त राष्ट्रसङ्घको शान्ति कार्यका लागि उपमहासचिव जिन पियरे ल्याक्रोइक्स, नेपालस्थित संयुक्त राष्ट्रसङ्घका आवासीय संयोजक हाना सिङ्गर-हाम्दी र संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयका अन्य अधिकारीहरू सहभागी हुनुहुन्छ । रासस

# नातागोतालाई चुनावी टिकट दिने र खर्चालुलाई तिरस्कार गरौँ : नेत्री अन्सारी

काठमाण्डु । जनता समाजवादी पार्टी नेपालकी नेत्री मञ्जु शर्मा अन्सारीले आफ्नो दलले उठाएको मधेस प्रदेश, समानुपातिक प्रतिनिधित्व र नागरिकतासम्बन्धी माग केही हदसम्म सम्बोधन भएको प्रतिक्रिया दिनुभएको छ । 'सांसदसँग रासस संवाद' मा उहाँले २२ जिल्ला समेटिएको मधेस प्रदेश तथा निर्वाचनसहित राज्यका सबै निकायमा पूर्ण समानुपातिक प्रतिनिधित्वको माग गरिएकामा अहिले अभ्यासमा रहेको व्यवस्थालाई पनि उपलब्धिकै रूपमा ग्रहण गरिएको बताउनुभयो ।



सांसद अन्सारी भन्नुहुन्छ, "जनताद्धारा प्रत्यक्ष निर्वाचित राष्ट्रपति, चुनावलाई कम खर्चिलो तुल्याउन पूर्ण समानुपातिक निर्वाचन प्रणाली तथा तराईका २२ जिल्ला समेटिएको मधेस प्रदेशको माग भने हामी निरन्तर उठाइरहने छौँ ।" समानुपातिकका नाममा आफ्ना नातागोता र पैसा असुलेर उम्मेदवार बनाउने प्रवृत्ति गलत रहेको बताउँदै उहाँले भन्नुभयो, "समानुपातिकमा नेताका श्रीमती, छोरा/छोरी, भान्जा/भान्जी र आसेपासेलाई ल्याइनुहुन्न । जनताले त्यस्तालाई निर्वाचनमा तिरस्कार गर्नुपर्छ ।"

नेपाल सद्भावना पार्टीमा रही विसं २०४६ देखि राजनीतिक यात्रा सुरु गर्नुभएकी नेत्री अन्सारीले सोही पार्टीको महिला विभाग, काठमाडौँ उपत्यका इन्चार्जको जिम्मेवारीका साथ विसं २०५६ मा रौतहटबाट प्रतिनिधिसभा सदस्यको उम्मेदवार हुनुभयो । पछिल्लो समय उहाँ जसपा नेपालका पोलिटब्यूरो सदस्य हुनुहुन्छ ।

संसद् संविधान, कानुन, नियम बनाउने थलो भए पनि त्यहाँका क्रियाकलापले सत्तापक्ष र प्रतिपक्षको युद्धस्थलजस्तो भएको विचार राख्दै नेत्री अन्सारीले प्रतिपक्षले विरोधका लागि विरोध र सत्तापक्षले त्यसको आलोचना मात्रै गर्ने कार्यले गोलमाल देखिएको भनाइ राख्नुभयो ।

सप्तरी र रौतहट कार्यक्षेत्र भएकी तथा समानुपातिक निर्वाचन प्रणालीबाट सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने अन्सारी शिक्षित र बुद्धिजीवी वर्गको प्रतिनिधित्व भएको सदनले जनतालाई समेत उत्साहित, मर्यादित र अनुशासित तुल्याउने सन्देश प्रवाह गर्न सक्नुपर्नेमा जोड दिनुहुन्छ। उहाँ भन्नुहुन्छ, "कहिलेकाहीँ सदनभित्रको गतिविधिले 'डिसिप्लिन सिकाउने ठाउँमै डिसिप्लिन' हुँदैन भने बाहिर कसरी सिकाउने होला भन्ने महसुस भएको छ तर सांसद आफैँले ज्ञानबर्द्धक, ओजपूर्ण, शालीन र सभ्य अभिव्यक्ति र प्रस्तुति दिनुपर्छ ।"

उहाँले जनताका पीरमर्काका आवाज उठाएर सम्बोधन गराउन प्रयत्न गर्नुपर्ने ठूलो ठाउँ तथा ठूला नेता र बुद्धिजीवीको प्रतिनिधित्व रहेको सदनमा यस्ता गतिविधि अचम्मलाग्दो र खल्लो भएको विचार प्रकट गर्नुभयो ।

जनताले सुख पाउँदैनन् भने कानुन बनाएर मात्र के अर्थ रहन्छ भनी प्रतिप्रश्न गर्दै उहाँले भन्नुभयो, "कानुन बनाएर अनुशासन र नियममात्रै सिकाउने कि खाली पेट भर्ने उपायको खोजी गर्ने भन्ने अहिलेको मुख्य विषय हो ।"

सरकार ढुकुटीमा पैसा कम रहेको भन्ने तर जनतालाई चर्को करले अप्ठेरामा पारेको आरोप लगाउँदै उहाँले कर अस्वाभाविक ढङ्गले बढाइएको र राहत ओझेलमा परेको बताउनुभयो ।

देशको राजनीतिक तथा आर्थिक स्थितिमा सुधार र युवाको विदेश पलायन रोक्न रोजगारी दिलाउने आशा र विश्वास लिएर आफू सदनमा गएको बताउँदै उहाँले त्यसका लागि आफ्नो निरन्तर कोसिस रहे पनि प्रारम्भमै केही धमिलोपन महसुस भएको प्रतिक्रिया दिनुभयो ।

मुलुकमा पछिल्लो समय समाजका सबै क्षेत्र तथा तह र तप्कामा भ्रष्टाचार निकै वृद्धि भएको घटनाको अनुभव सुनाउँदै सांसद अन्सारीले भ्रष्टाचारमा नेता मात्र नभई कर्मचारीतन्त्र पनि उत्तिकै संलग्न रहेको प्रतिक्रिया दिनुभयो । एक प्रसङ्गमा उहाँले भन्नुभयो, "राजनीतिक नेता तथा कार्यकर्ता मात्र नभई तल्लो तहदेखि लाइन लागेर माथिल्लो तहसम्मका कर्मचारी पनि भ्रष्टाचार र अनियमितामा संलग्न छन्, यो समाजका सबै क्षेत्रमा व्याप्त छ, नियन्त्रण नभएसम्म सुशासनको पाटो कमजोर रहन्छ ।"

अनियमितता र भ्रष्टाचारका विरोधमा पार्टीले सदासर्वदा सशक्तरूपमा आवाज उठाइरहेको जिकिर गर्दै नेत्री अन्सारीले अनुसन्धान र प्रमाणले पुष्टि गर्न नसक्ने विषयमा सामाजिक सञ्जालमार्फत आरोप-प्रत्यारोप गरी कसैको चरित्र हत्या गर्ने कार्य भने बन्द गर्न आवश्यक रहेकामा जोड दिनुभयो । रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथुन | : सुख समृद्धि हुने । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : पारिवाहिक सुख । |
| वृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



दसैं सकिए लगत्तै दीपावलीका लागि महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका-१ मा रहेको हटिया बजारमा बिक्री गर्न राखिएको माटोको भाँडाकुँडा । *तस्बिर : रासस*

# कृषिउपज केन्द्र निर्माण थालिएपछि किसान उत्साहित

महोत्तरी । आफ्नो फसल (बाली) ले राम्रो बजार नपाएको आमकिसानको गुनासो बढिरहेका कारण महोत्तरीको गौशालामा कृषिउपज केन्द्र निर्माण गर्न थालिएपछि यस क्षेत्रका किसान उत्साहित भएका छन् ।

खेतीपातीका लागि आवश्यक वस्तुको अभावबीच दुःखले उब्जाइएको फसलले बजार नपाउँदा दिक्क बनेका किसानलाई केन्द्र निर्माण थालिएपछि ढाडस मिलेको हो । "न समयमा बीउ मल पाइन्छ, न सिँचाइको भरपर्दो उपाय, त्यहीपनि हामी नङ्ग्रा खियाएर जेनतेन बाली उब्जाउँदैछौँ", गौशाला-४ का ६५ वर्षीय चन्द्रमान तामाङ भन्नुहुन्छ, "यसरी उब्जाइएको फसलले पनि राम्रो बजार कहिल्यै पाएका थिएनौँ, बल्ल कृषिउपज केन्द्र बन्न थालेछ ।"

कृषिउपज केन्द्रको भवन बनिसकेपछि आफ्नो उत्पादन बेच्न, भण्डारण गर्न सहज हुने भएकाले किसानलाई आश पलाएको छ । जिल्लामै फलफूल (आँप, लिची) र तरकारी उत्पादनको 'पकेटक्षेत्र' मानिएको गौशाला नगरक्षेत्रमा उपज भण्डारण र सङ्कलन तथा बिक्री केन्द्र नहुँदा टिपेर साप्ताहिक हटिया (विभिन्न बार पारेर ठाउँठाउँमा लाग्ने साप्ताहिक हटिया) पुर्‍याएपछि कौडीकै दाममा बेचेर फर्कनुपर्ने अवस्था केन्द्र निर्माणले अन्त्य हुने किसानको विश्वास छ ।

किसानले व्यहोरिरहेका समस्यालाई मध्यनजर गरेर नै गौशाला-५ बजार छेउमै मडहा नदीको किनारको नदीउकास प्रती जग्गामा कृषिउपज केन्द्रको अत्याधुनिक भवन निर्माण सुरु गरिएको गौशालाका नगरप्रमुख डा दिपेन्द्र महतोले जानकारी दिनुभयो । "नेपाल सरकारबाट केन्द्र निर्माणका लागि रकम प्राप्त भएको छ, ठेक्का बन्दोबस्तबाट निर्माण कार्य थालिएको छ", नगरप्रमुख डा महतोले भन्नुभयो, "अबको करिब एक वर्षभित्रै कृषिउपज केन्द्रको अत्याधुनिक भवन निर्माण सम्पन्न भइसक्नेछ ।"

केन्द्र निर्माणका लागि नेपाल सरकारले रु सात करोड ८१ लाख ३४ हजार तीन सय ७६ को ठेक्का बन्दोबस्त गरेको नगरप्रमुख डा महतोले स्पष्ट पार्नुभयो । केन्द्र निर्माणका लागि ठेक्का पाएको काठमाडौँस्थित सान्दोर्जे निर्माण सेवाले कार्यादेशमा तोकिएको समय सीमाभित्रै निर्माण कार्य सम्पन्न गरिने प्रतिबद्धता जनाएको छ ।

केन्द्र निर्माण भएपछि किसानले उत्पादित फसल यहाँ ल्याएर बेच्ने र केही दिनका लागि भण्डारण गर्न सक्नेछन् । कृषि उपजको व्यापार गर्नेलाईसमेत केन्द्र निर्माणले सहज बनाउने नगरप्रमुख महतोको भनाइ छ । केन्द्र सञ्चालनमा आएपछि दैनिक २४सै घण्टा ताजा तरकारीको बजार रहने डा महतो बताउनुहुन्छ ।रासस

# नेपाल-भारत सीमा नाकामा कडाइ गरिने



वीरगञ्ज । नेपाल-भारत सुरक्षा अधिकारीको संयुक्त बैठकले सिमावर्ती नाकाबाट हुने अवैध निकासी/पैठारी नियन्त्रणका लागि कडाइ गर्ने निर्णय गरेको छ । पर्साको वीरगञ्जमा बसेको नेपाल तथा भारतका सुरक्षा अधिकारीको संयुक्त बैठकले सिमा नाकाबाट हुने अवैध निकासी/पैठारी नियन्त्रण गर्न कडाइ गर्ने, लागुऔषध ओसारपसारलाई न्यूनीकरण गर्ने, चेलीबेटी बेचबिखन, अवैध हतियारको ओसारपसारलाई न्यूनीकरण गर्ने र आपाराधिक घटना हुन नदिने निर्णय भएको पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले जानकारी दिनुभयो ।

यस्तै बैठकमा सिमानाकाबाट हुने अवैध वन्यजन्तुको चोरी सिकारी तथा तस्करीलाई नियन्त्रण गर्न दुवै देशका सुरक्षा अधिकारीबीच समझदारी भएको प्रजिअ रेग्मीले बताउनुभयो । भारतमा हुने आगामी लोकसभा निर्वाचनलाई मध्यनजर गरी सिमाक्षेत्रको सुरक्षा प्रबन्धलाई चुस्तदुरुस्त बनाउने र दुवै मुलुकका सुरक्षा अधिकारीबीच सहकार्य गरी सुरक्षा व्यवस्था प्रभावकारी बनाउने निर्णय भएको प्रजिअ रेग्मीको भनाइ छ । बैठकमा नेपालतर्फबाट पर्साका प्रजिअ रेग्मी र बिहारको पूर्वी चम्पारणका डिएम सौरभ जरुवालले नेतृत्व गर्नुभएको थियो ।

**दसैँमा २२ दुर्घटना हुँदा दुईको मृत्यु, ३८ घाइते**

पर्सा जिल्लामा विजयादशमी अवधिमा भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने ३८ जना घाइते भएका छन् । यही कात्तिक ४ गतेदेखि कात्तिक ७ गते विजयादशमीको चार दिनको अवधिमा भएको सवारी दुर्घटनामा सो सङ्ख्यामा मानवीय क्षति भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक भाष्कर खतिवडाले जानकारी दिनुभयो ।

सो अवधिमा पर्सा जिल्लामा २३ वटा मोटरसाइकल, सात वटा कार/जीप, दुई वटा ट्रक र दुई वटा साइकल तथा तीन वटा अटो रिक्सा दुर्घटना भएको प्रहरी निरीक्षक खतिवडाले बताउनुभयो । उहाँका अनुसार सो अवधिमा ट्राफिक नियम उल्लङ्घन गरी चलाएको तीन सय ६२ सवारीसाधनमा कारबाही गरी जरिवानाबापत रु तीन लाख ५७ हजार राजस्व सङ्कलन भएको छ ।

**लागुऔषधसहित युवक पक्राउ**

ठूलो मात्रामा प्रतिबन्धित लागुऔषधसहित पर्सा प्रहरीले पोखराका एक युवकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा कास्कीको पोखरा महानगरपालिका-६ निवासी ४० वर्षीय रवीन्द्र केसी रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

वीरगञ्जबाट हेटौँडातर्फ जाँदै गरेकोग १ ख ९६२६ नं को सार्वजनिक यात्रुबाहक बसलाई वीरगञ्ज महानगरपालिका २१ परवानीपुरमा जाँच गर्ने क्रममा केसीले बसको चालक बस्ने सिटमुनी सेतो झोलामा कालो प्लास्टिकको झोलाभित्र पत्रिकामा सेतो टेपले बेरी लुकाइछिपाइ राखिएको अवस्थामा प्रतिबन्धित लागुऔषध बरामद् भएपछि पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले जानकारी दिनुभयो । पक्राउ परेका साथबाट फेनारगन ३०० एम्पुल, डाईजेपाम-३०० एम्पुल र आइपीपीएल नुरफिन ३०० एम्पुल गरी ९०० एम्पुल लागुऔषध बरामद् भएको प्रहरी नायब उपरीक्षक थापाले बताउनुभयो । रासस

# कृषकलाई कृषि औजार सामग्री वितरण



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको नगराइन नगरपालिका-६ लगमाका दुईसय जना किसानलाई कृषि कर्ममा प्रयोग गरिने औजार खुर्पी, हँसिया र कोदालो एक-एक थान वितरण गरिएको छ ।

अमेरिकामा कार्यरतरहेका नेपालीको सामाजिक संस्था सपनाले आइतबार लगमामा आयोजना गरेको एक कार्यक्रमबिच मधेश प्रदेशका पुर्वमन्त्री एवम् प्रदेश सभा सदस्य रामसरोज यादवले किसानलाई कृषि औजार खुर्पी, हँसिया र कोदालो हस्तान्तरण गर्नुभयो । संस्थाका कार्यकारी सदस्य रहनुभएका डा. राकेश मण्डलले पठाएको रकमबाट खरिद गरिएको कृषि औजार कृषि कर्मलाई प्राथमिकतामा राखेका किसानलाई सो सामग्री वितरण गरिएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वमन्त्री यादवले विदेशमा रहेका नेपालीले आफ्नो जन्मस्थलमा यस प्रकारको काम गर्नु भनेको खेती गरेर उत्पादन बढाउनका लागि सन्देश दिएको भन्दै परम्परागत खेती छाडेर वैज्ञानिक प्रणालीबाट खेती गर्नका लागि किसानलाई आग्रह गर्नुभयो । पूर्वमन्त्री यादवले कोसी कमला डाइभर्सनको काम अघि बढेपछि तराई मधेशको धेरैजसो भूभागमा सिँचाइको व्यवस्था हुनेभएकाले कामलाई तीव्रता दिनका लागि सरकारसँग माग गर्नुभयो ।

चुरियाको संरक्षण नभएमा ४० वर्षपछि तराई-मधेश मरुभूमिकरण हुनेभएकाले चुरिया संरक्षणका लागि ठोस कदम चाल्नुको साथसाथै वृक्षारोपण आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा नगराइन नगरपालिकाका नगर प्रमुख विनय यादवले सामूहिक खेती गर्नका लागि किसानलाई प्रेरित गर्दै त्यसका लागि आवश्यक सहयोग गर्न नगरपालिका तयार भएको बताउनुभयो । कार्यक्रममा ज्येष्ठ नागरिकलाई सम्मान समेत गरिएको थियो ।

# तीन हजार सवारी कारबाहीमा



**टुडे समाचारदाता**

जलेश्वर । बर्दीबासस्थित जिल्ला ट्राफिकले चाडपर्वलक्षित सुरक्षा अभियान सञ्चालन गरेको छ । यस क्रममा ट्राफिक कार्यालयले यात्रुको सर्वाधिक चाप हुने बर्दीबास, गौशाला रोड तथा जलेश्वरमा यात्रु सहायता कक्ष स्थापना गरी सेवा दिँदै आएको छ । अभियान अन्तर्गत सवारी नियम उल्लङ्घन गर्ने दुई हजार ९४४ सवारीमाथि कारबाही गरी २४ लाख ७५ हजार रुपियाँ राजस्व असुल गरेको जिल्ला ट्राफिक बर्दीबासले जनाएको छ ।

यात्रु सहायता कक्षमा सेवाग्राहीका बढ्दो गुनासो र परामर्शले सवारी नियमन गर्न सहज र प्रभावकारी भएको ट्राफिकको भनाइ छ । यात्रुको गुनासोका आधारमा तोकिएभन्दा बढी भाडा लिने काठमाडौँबाट फर्केका पाँच थान सवारीलाई कारबाही गरिएको बर्दीबासस्थित जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख रामभक्त भट्टराईले जनाउनुभयो । बिपी राजमार्गमा आकस्मिक चेकजाँच गर्दा काठमाडौँबाट बर्दीबास आउने यात्रुसँग हजार रुपियाँको ठाउँमा एक हजार चार सय रुपियाँ लिएको र काठमाडौँ-सिराहाको भाडा एक हजार तीन सय रुपियाँ लिनुपर्नेमा दुई हजार तीन सय रुपियाँ उठाएको खुल्न आएपछि त्यस्ता पाँच थान सवारीमाथि कारबाही गरिएको उहाँले बताउनुभयो ।

चाडपर्वका बेला विश्वसनीय सेवासुविधा र सहुलियत प्रदान गर्न ट्राफिक कार्यालयले सवारीचालकदेखि यात्रुसम्मलाई समेटेर सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ । फेरि पनि विवशता र समस्यामा परेका यात्रुहरूलाई काबुमा पारेर दुःख दिने, बढी भाडा असुल्ने जस्ता हर्कत गर्ने सवारीमाथि कारबाही गरिएको उहाँले जनाउनुभयो । "आकस्मिक चेकजाँचका क्रममा यस्ता समस्या र घटना पूर्वपश्चिम लोकमार्गको तुलनामा बिपी राजमार्गमा बढी पाइएको छ," भट्टराईले भन्नुभयो ।

# 'गुटेरेसले नेपालको सदनलाई सम्बोधन गर्नु गौरवको विषय'

**टुडे समाचारदाता**

राजविराज । अन्तर्राष्ट्रिय तथा पर्यटन सम्बन्ध समितिका सभापति तथा प्रतिनिधिसभा सदस्य राजकिशोर यादवले संयुक्त राष्ट्रसङ्घको महासचिव एन्टोनियो गुटेरेस नेपालको सदनलाई सम्बोधन गर्नु गौरवको विषय भएको बताउनुभएको छ । जनता समाजवादी पार्टीको अध्यक्ष मण्डलका कार्यकारणी सदस्य समेत रहनुभएका यादवले कार्यकर्ता भेटघाटको क्रममा आइतबार सो कुरा बताउनुभएको हो । सप्तरी पुग्नुभएका संसद् यादवले राजविराज विमानस्थलमा पत्रकारसँग कुरा गर्दै गुटेरेसको नेपाल भ्रमणले राम्रो सन्देश जाने बताउनुभयो ।

पहिलो पटक नेपाल भ्रमणमा रहनुभएका महासचिव गुटेरेस नेपालको द्वन्द्व पश्चताको शान्ति प्रक्रिया तथा सङ्क्रमणकालीन न्यायको समीक्षा तथा जलवायु परिवर्तनवारे सम्बोधन गर्नुहुने उहाँले बताउनुभयो ।

नेपाल जसरी द्वन्द्वपश्चात् शान्तिप्रक्रियाको माध्यमले देशलाई शान्ति र विकासको बाटोतर्फ लग्न सफल हुनु विश्वसामु उदाहरणीय रहेको उहाँले बताउनुभयो ।

# विदेशबाट फर्केर च्याउ खेती



**टुडे समाचारदाता**

इनरुवा । वैदेशिक रोजगारीबाट स्वदेश फर्केका सुनसरीका एक युवकले चार वर्षदेखि आफ्नै घरमा च्याउ खेती थालेका छन् । विदेशमा छोटो समयको काम पाइने र त्यसमा पनि जोखिम धेरै हुने भएकाले जेनतेन दुई वर्ष खाडी मुलुकमा वैदेशिक रोजगारी गरेर स्वदेश फर्केका वराहक्षेत्र नगरपालिका-११, मधुवनका रोशन गुप्ताले घरमै च्याउ खेती थाल्नुभएको हो ।

विदेशमा पाएको दुःखकष्ट बिर्सन र आफ्नो घरपरिवारसँगै बस्ने योजनाका साथ गुप्ताले च्याउ खेती थाल्नुभएको चार वर्ष पूरा भयो । विदेशभन्दा स्वदेशमै घरपरिवारसँग बस्दै काम गर्दै थोरै लगानीमा थालेको च्याउ खेतीले गुप्ताको दैनिक जीवनशैली र आर्थिक अवस्थासमेत फेरिएको छ ।

वराहक्षेत्र नगरपालिका-११, मधुवनमा दाजुभाइ कृषि फार्म खोलेर च्याउ खेती गर्दै आएको गुप्ताले बताउनुभयो । च्याउ लगाएको २३ देखि ३० दिनमा उत्पादन हुने भएकाले राम्रो आम्दानी गर्न सफल भएको उहाँले बताउनुभयो । गुप्ताका अनुसार दैनिक कममा ८० केजी र बढीमा १२० केजीसम्म च्याउ उत्पादन गर्दै बिक्री हुँदै आएको छ । घरमा परिवारका सदस्यहरू र दाजुभाइ मिलेर काम गरेकाले फर्मको नामसमेत दाजुभाइ कृषि फार्म राखेको गुप्ताले जानकारी दिनुभयो ।

गाउँमा उत्पादन भएको च्याउ बिक्रीका लागि बजारको समस्या नभएकाले नगदमै बिक्री हुने र मौसममा राम्रो आम्दानी हुने गरेको उहाँले बताउनुभयो । दाजुभाइ कृषि फार्मले प्रत्येक वर्ष असोजबाट च्याउ खेती सुरु गरी चैतसम्म बर्सेनि छ महिनासम्म च्याउ लगाउने र त्यसबाट सरदर वार्षिक तीन लाख रुपियाँसम्म आम्दानी गर्दै आएको बताउँदै गुप्ताले फार्ममा च्याउका लागि दैनिक तीन-चार जनालाई ज्यालादारी रूपमा रोजगारीसमेत दिँदै आएको जानकारी दिनुभयो ।

गुप्ताले भन्नुभयो, "वैदेशिक रोजगारी भनेपछि मरिहत्ते गर्ने नेपाली युवाका लागि स्वदेशमै केही गर्नु पर्छ भन्ने सन्देश दिन पनि चाहन्छु ।" विदेशमा बगाउने पसिना स्वदेशमा बगाउन र श्रम गर्न सके यहीँ केही गर्न सकिने भन्दै च्याउखेतीमा लागेको गुप्ताको कथन छ ।

वैदेशिक रोजगारीका लागि विभिन्न देश गएका युवा कोही दुःख पाएर फर्किन्छन् त कोही कमाएर पनि फर्किने गरेका छन् । विदेशबाट फर्केर स्वदेशमै केही गर्छु भन्ने युवाको सङ्ख्या भने कमै छ । त्यसमध्येका एक गुप्तालगायतका केही युवाले विदेशमा सिकेको सीपलाई स्वदेशमा सदुपयोग गर्न थालेका छन् । च्याउ बिक्रीबाट मात्रै मासिक २५ हजार रुपियाँसम्म आम्दानी हुने गरेको गुप्ताको भनाइ छ । श्रम र सीप प्रयोग गरेर गाउँमै व्यावसायिक बन्न सके रोजगारीका लागि भौंतारिनु पर्दैन भन्ने सन्देश गुप्ताले दिएको स्थानीय सुरेन्द्र मेहताको भनाइ छ ।


## कर्मचारी आवश्यकता

**विज्ञापन नं. ०१/२०८०/०८१**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०७/०१**

यस श्री शिवम् बचत तथा ऋण सहरकारी संस्था लि. सुखिपुर नगरपालिका-८, सिरहामा, केही पदहरु रिक्त रहेको र उक्त पदहरुको पदपुर्ति र केही नयाँ पदहरुको पद स्थापना गरी पदपुर्ति प्रतिस्पर्धा द्वारा गर्न लागिएको हुँदा योग्यता पुगेका इच्छुक व्यक्तिहरुलाई मिति २०८०/०७/३० गते भित्र कार्यालयमा आएर दरखास्त दिनु हुन आव्हान गरिन्छ ।

| क्र. सं. | पद | शैक्षिक योग्यता | अनुभव | जना | तलब स्केल |
|---|---|---|---|---|---|
| १ | प्रबन्धक | बाणिज्य विषय BBS/१२ कक्षा उर्त्तिण गरेको वा सो सरह तथा कम्प्यूटर र सफ्टवेयर सम्बन्धी कार्य गर्न सकने वा जानकारी भएको । | वित्तिय क्षेत्रमा २ वर्ष कार्य गरेको । | १ | २५,५००।- |
| २ | सह-प्रबन्धक/कर्जा | बाणिज्य विषय BBS/१२ कक्षा उर्त्तिण गरेको वा सो सरह तथा कम्प्यूटर र सफ्टवेयर सम्बन्धी कार्य गर्न सकने वा जानकारी भएको । | वित्तिय क्षेत्रमा २ वर्ष कार्य गरेको । | २ | २३,५००।- |
| ३ | लेखापाल/सह-लेखापाल | बाणिज्य विषय १२ कक्षा उर्त्तिण गरेको वा सो सरह तथा कम्प्यूटर र सफ्टवेयर सम्बन्धी कार्य गर्न सकने वा जानकारी भएको । | वित्तिय क्षेत्रमा १ वर्ष कार्य गरेको । | २/२ | २१,५००।- |
| ४ | कार्यालय सहयोगी | बाणिज्य विषय १२ कक्षा उर्त्तिण गरेको वा सो सरह तथा कम्प्यूटर र सफ्टवेयर सम्बन्धी कार्य गर्न सकने वा जानकारी भएको । | वित्तिय क्षेत्रमा १ वर्ष कार्य गरेको । | २/२ | १९,५००।- |
| ५ | फिल्ड कर्मचारी | बाणिज्य विषय १२ कक्षा उर्त्तिण गरेको वा सो सरह तथा कम्प्यूटर र सफ्टवेयर सम्बन्धी कार्य गर्न सकने वा जानकारी भएको । | वित्तिय क्षेत्रमा १ वर्ष कार्य गरेको । | ५१ | १७,५००।- |
| ६ | कार्यालय सहयोगी | एस.एल.सी., एस.ई.ई. वा सो सरह उर्त्तिण | | २ | १३,५००।- |
| ७ | गार्ड | एस.एल.सी., एस.ई.ई. वा सो सरह उर्त्तिण | | २ | |


**तपसिल**

**पेश गर्नुपर्ने कागजातहरू**

१. शैक्षिक योग्यता खुल्ने प्रमाण-पत्रको प्रतिलिपी
२. हालसालै खिचिको पासपोर्ट साइजको फोटो-४ प्रति
३. बुबा, आमा र आफ्नो नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी १/१
४. लिएका तालिमहरु र अनुभव पत्रहरुको प्रमाण-पत्रको प्रतिलिपी
५. सिरहा जिल्लाको प्रत्येक पालिका अनुसार आवेदन दिन सक्ने ।
६. **परीक्षाको किसिम**ः लिखित, प्रयोगात्मक र अर्न्तवार्ता आदि ।
७. **आवेदन दस्तुर**ः पद-१,७००, पद-२/३,६००, पद-४/५,५०० र पद-६/७,४००।-
८. न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले सम्पुर्ण कागजात सहित तोकिएको फारम भरी तोकिएको समयावधी भित्र स्काय गरी यस संस्थाको Gmail Id: shivamsaccos70@gmail.com, sanjeetkumary747@gmail.com मा पठाई दिनु होला ।

**राष्ट्रिय बाणिज्य बैंक लि.**
**शाखा कार्यालय, सुखिपुर, सिरहा**
**खाता नं. २३९०१००००३०५००१**
**SHRI SHIVAM BACHAT TATHA RI S.S. LTD**

**सम्पर्क नं.** ०३३-४१३०७०, ९८५२८२५३१०, ९८०२३१९३१०



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# महासचिव गुटेरेसलाई स्वागत

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस औपचारिक भ्रमणका लागि नेपाल आइपुगेका छन् । नेपाल र विशेष गरी नेपालको लोकतान्त्रिक आन्दोलनका शुभेच्छुक महासचिव गुटेरेसको भ्रमण फलदायी बनाउन नेपाल सरकारले विशेष क्रियाशीलता देखाउनु आवश्यक छ । औपचारिक भ्रमणका क्रममा महासचिव गुटेरेसले नेपालका राष्ट्रपति, प्रधानमन्त्री, विपक्षी दलका नेतालगायत प्रमुख राजनीतिक हस्तीहरूसँग भेटघाट र वार्तालाप गर्नेछन् । यस्तै उनले लुम्बिनीका साथै पोखरालगायतका क्षेत्रको भ्रमण गर्ने कार्यक्रम रहेको छ । यी सबै औपचारिक कार्यक्रमलाई पनि नेपालका हितमा सदुपयोग गर्न सरकार सजग हुनु जरुरी छ । विशेष गरी उनका पूर्ववर्ती उ थान्तको विशेष अग्रसरतामा थालिएको लुम्विनी विकास गुरुयोजना सम्पन्न गर्न राष्ट्रसंघको ध्यानाकर्षण गराउनु सान्दर्भिक हुनेछ । यसै गरी नेपालको सामाजिक विकासमा पनि संयुक्त राष्ट्रसंघीय निकायहरूको विशेष भूमिका रहेको छ । खासगरी, संयुक्त राष्ट्र बालकोष (युनिसेफ), संयुक्त राष्ट्र विकास कार्यक्रम (युएनडीपी), संयुक्त राष्ट्र जनसंख्या कोष (युएनएफपीए), विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को सहयोग विशेष उल्लेखनीय देखिन्छ । आर्थिक सामाजिक विकासमात्र होइन नेपालको राजनीतिक परिवर्तनमा पनि संयुक्त राष्ट्रसंघको सकारात्मक योगदान छ । विगतमा शान्ति प्रक्रियालाई तार्किक निष्कर्षतर्फ लैजान नेपालका लागि राष्ट्रसंघीय मिसन (अनमिन)को सकारात्मक भूमिका रहेको थियो । भूराजनीतिक अवस्थाका कारण नेपाल कुनै पनि शक्ति राष्ट्रसँग बढी नजिकिन वा टाढिन सक्तैन । नेपाली भूमिमा भारत, चीन, अमेरिकालगायतका शक्तिहरूको प्रतिस्पर्धा हुन नदिन पनि संयुक्त राष्ट्रसंघसँगको निकटता सहयोगी हुनसक्छ । यस्तै, शान्ति प्रक्रियाका बाँकी कामहरू सङ्क्रमणकालीन न्याय सम्पादनमा संयुक्त राष्ट्रसंघले अझै प्रेरकका रूपमा भूमिका खेल्न सक्छ । महासचिव गुटेरेस नेपालको शान्ति प्रक्रियाका नाममा दण्डहीनतालाई प्रश्रय दिनु गलत हुनेमा पक्कै पनि अनभिज्ञ छैनन् । महासचिव गुटेरेसको नेपाल बसाइ सुखद र फलदायी होस् । नेपालमा महासचिव गुटेरेसलाई हार्दिक स्वागत छ ।

# संयुक्त राष्ट्रसङ्घमा नेपाल



डा जयराज आचार्य

प्रथम र द्वितीय विश्वयुद्धमा झण्डै १० करोड मानिस मारिएको र खर्बौं डलर बराबरको भौतिक क्षति भएको पृष्ठभूमिमा सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भएको हो । आफ्नो विधानको प्रस्तावना वाक्यबाट त्यस विश्व संस्थाको चार प्रमुख उद्देश्य स्पष्ट पारिएको छ । ती हुन्- विश्वशान्ति, मानवअधिकारको संरक्षण, अन्तरराष्ट्रिय कानुनको पालना र स्वतन्त्र वातावरणमा मानवजातिको आर्थिक-सामाजिक विकास ।

नेपाल सन् १९४५ मा नै सनफ्रान्सिस्को सम्मेलनमा भाग लिएर संयुक्त राष्ट्रसङ्घको संस्थापक सदस्य बन्नसक्थ्यो । किनकि नेपाल प्रथम र द्वितीय विश्वयुद्धमा स्वतन्त्र राष्ट्रका रूपमा विजयी पक्षबाट लडेको थियो । तर तत्कालीन नेपालका शासकहरूले के सोचे वा सोच्दै सोचेनन् नेपालले सो सम्मेलनमा भाग लिएन र संयुक्त राष्ट्रसङ्घको संस्थापक सदस्य बन्ने अवसर गुमायो । पछि जब नेपालले सदस्यताको लागि प्रयास गर्न थाल्यो त्यतिखेर शीतयुद्धको सुरुआत भइसकेको थियो र रूसले अनेकौं अर्थहीन प्रश्न गरेर त्यो प्रयासलाई रोकिरहेको थियो । आखिर एउटा प्याकेज डिलअन्तर्गत १९५५ मा गएर मात्रै नेपालको सदस्यता स्वीकृत भयो ।

संयुक्त राष्ट्रसङ्घको सदस्य भएदेखि नै नेपालले आफ्नो स्वतन्त्र परराष्ट्र नीतिको पहिचान दिएको छ । सन् १९५६ मा संयुक्त राष्ट्रसङ्घको साधारणसभामा भाग लिन पुगेका नेपालका प्रथम स्थायी प्रतिनिधि हृषीकेश शाहले त्यसैबेला हङ्गेरीमा रूसले गरेको आक्रमणको विरुद्ध मतदान गरे । साथै त्यसैबेला बेलायत र फ्रान्ससँग मिलेर इजरायलले इजिप्टको स्वेज नहरमा गरेको आक्रमणको पनि विरोध गरे । ती विषयमा अरूहरूले खासगरी हाम्रा उत्तर र दक्षिणका छिमेकीले कतातिर मतदान गरे भन्ने कुरामा आधारित भएर नेपालले आफ्नो मत निर्धारण गरेन । वास्तवमा त्यतिखेर हाम्रो मतदानले हाम्रा छिमेकी र पुराना मित्रहरूलाई समेत आश्चर्यजनक ढङ्गले प्रभावित गरेको थियो । सन् १९६० र १९७० को दशकमा नेपालले एक असंलग्न राष्ट्रको हैसियतमा उपनिवेशवाद र रङ्गभेदवादका विरुद्ध संयुक्त राष्ट्रसङ्घमा खेलेको भूमिका प्रशंसनीय र अनुकरणीय थियो । फलतः नेपाल सन् १९६९-७० र सन् १९८८-८९ मा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को अस्थायी सदस्यका रूपमा निर्वाचित पनि भयो ।

संयुक्त राष्ट्रसङ्घमा नेपालको प्रभावकारिताको मूल्याङ्कन गर्दा त्यसलाई समग्रमा संयुक्त राष्ट्रसङ्घकै प्रभावकारितासँग जोडेर हेर्नुपर्छ । यदि संयुक्त राष्ट्रसङ्घले रूस-युक्रेन युद्ध वा अरब-इजरायली द्वन्द्वमा या अरू यस्तै द्वन्द्वमा प्रभावकारी भूमिका खेल्न सकेको छैन भन्ने आलोचना गर्ने हो भने त्यो अप्रभावकारिता नेपालजस्ता साना मुलुकको कारणले होइन कि संयुक्त राष्ट्रसङ्घका ठूला र शक्तिशाली सदस्यहरूका कारणले हो भन्नुपर्छ । वास्तवमा कतिपय कुरा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्का स्थायी सदस्यहरूको विशेष अधिकार (भिटो पावर)का कारण रोकिएको पनि हुन्छ । हाल रूस-युक्रेन युद्ध र अरब-इजरायल युद्धमा पनि भएको त्यही नै हो - शक्ति राष्ट्रहरूको विभाजित मानसिकता । तर यस्ता कठिन विषयमा पनि नेपालको नीति या मत स्पष्ट छ । हामी साना मुलुकमाथि ठूलो मुलुकले गरेको आक्रमणको सदा खुलेर विरोध गर्छौं र शान्तिपूर्ण सहअस्तित्वमा विश्वास गर्छौं ।

नेपालको संयुक्त राष्ट्रसङ्घमा सदस्यताको मुख्य तीन उद्देश्य छन् । पहिलो, हामी संयुक्त राष्ट्रसङ्घमार्फत हाम्रो स्वतन्त्र अन्तरराष्ट्रिय छवि प्रक्षेपण गर्न चाहन्छौं । दोस्रो, हाम्रो स्वतन्त्र अस्तित्वमा कतैबाट खतरा आएमा त्यसमा संयुक्त राष्ट्रसङ्घ सक्रियता साथ अगाडि आवस् र त्यो खतरा टार्न सहयोगी होस् भन्ने आशा गर्छौं । अनि तेस्रो, हामी संयुक्त राष्ट्रसङ्घको विश्व शान्ति प्रयासमा शान्ति सेना पठाएर आफ्नो औकातअनुसारको प्रभावकारिता देखाउन चाहन्छौं ।

संयुक्त राष्ट्रसङ्घको शान्ति सेना कार्यक्रम त्यसको एउटा मुख्य अङ्ग हो । त्यसमा संयुक्त राष्ट्रसङ्घको



झण्डै दुई तिहाइ बजेट खर्च हुन्छ । नेपाल अहिले शान्ति सेना पठाउने देशहरूमा दोस्रो नम्बरमा छ । नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीसमेत अहिले संयुक्त राष्ट्रसङ्घको शान्ति मिशनमा भाग लिइरहेका छन् । पहिले नेपाली सेना मात्र सहभागी हुने गरेको थियो भने सन् १९९२-९३ देखि नेपालको प्रहरी पनि त्यस मिशनमा सामेल हुँदै आएको छ ।

मेरो व्यक्तिगत अनुभवमा नेपालले संयुक्त राष्ट्रसङ्घमा राम्रो छवि बनाएको छ भन्ने नै छ । नेपालको भूमिका खासगरी शान्ति सेनामा दिएको योगदानको उच्च मूल्याङ्कन भएको छ । नेपाल सन् १९५८ देखि नै संयुक्त राष्ट्रसङ्घको शान्ति मिशनमा भाग लिँदै आएको छ र सन् १९७८ देखि त निरन्तर नै सक्रिय छ । त्यसलाई हृदयंगम गरेर मैले सन् १९९१ मा नेपालको स्थायी प्रतिनिधि भएर जानासाथ नेपाली सेनाको मेजर जनरललाई संयुक्त राष्ट्रसङ्घको शान्ति सेनाको फोर्स कमाण्डर पद दिनुपर्‍यो भन्दा संयुक्त राष्ट्रसङ्घबाट त्यो तत्काल स्वीकृत भएको थियो । त्यतिमात्रै होइन, युगोस्लाभियामा थप एक बटालियन र हैटी र सोमालियामा समेत हाम्रो सेनाको माग भयो र पठाइयो । तत्काल हाम्रो शान्ति सेनाको संख्या विगतको तुलनामा तीन गुना बढ्यो । मैले त्यतिखेरै संयुक्त राष्ट्रसङ्घको शान्ति मिशनमा भाग लिने प्रमुख देशहरूको एउटा बैठकमा १० हजारसम्म सैनिक पठाएर नेपाल पहिलो नम्बरमा आउन चाहन्छ भनेको थिएँ । आज त्यस दिशामा पनि काम भइरहेकै छ जस्तो लाग्छ । जसको फलस्वरूप हामी अहिले दोस्रो नम्बरमा पुगेका छौं । संयुक्त राष्ट्रसङ्घको शान्ति सेनामा पहिलो नम्बरको देश हुने कुरामा नेपालको आर्थिक, राजनीतिक र कूटनीतिक महत्व निहित हुन्छ ।


आर्थिक दृष्टिले हाम्रा सैनिकले केही थप सुविधा पाउनेबाहेक यसको राजनीतिक र कूटनीतिक महत्व पनि छ । यसले गर्दा संयुक्त राष्ट्रसङ्घमा नेपालले आफ्नो भूमिका र छवि थप बढाउन सक्छ । नेपाल आजसम्म पनि संयुक्त राष्ट्रसङ्घको महासभाको सभामुख पदमा निर्वाचित भएको छैन । अनि संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषदमा पछिल्लो पटक निर्वाचित नभएको पनि ३३ वर्ष भइसक्यो । विगतमा हामी करिब २० वर्षको अन्तरालमा दुई पटक त्यसको सदस्य भएका थियौं । हामी संयुक्त राष्ट्रसङ्घको शान्ति मिशनमा सैनिक पठाउने पहिलो नम्बरको देश बन्यौं भने त्यताबाट हामी संयुक्त राष्ट्रसङ्घका विभिन्न निकायमा निर्वाचित हुने आधार र सम्भावना बलियो हुनसक्छ । तर त्यतिले मात्रै पुग्दैन ।

संयुक्त राष्ट्रसङ्घको प्रस्तावना वाक्यमा भनेअनुसार विश्व शान्ति नै यसको पहिलो उद्देश्य हो । तर दोस्रो, तेस्रो र चौथो वाक्यमा भनेका कुरामा पनि हामी उत्तिकै गम्भीर हुनु आवश्यक छ । दोस्रो वाक्यमा मानव अधिकारको सम्मानको कुरा छ र तेस्रोमा अन्तरराष्ट्रिय कानुनको पालनाको कुरा छ । अहिले नेपालको मानव अधिकार आयोगको स्टाटस घट्न जाने हो कि भन्ने कुरा चर्चामा आएको छ । हामीले हाम्रो मानव अधिकारको सम्मान र संरक्षणको रेकर्ड पनि राम्रो राख्न सक्यौं भने मात्रै त्यसले हाम्रो अन्तरराष्ट्रिय छविलाई उज्यालो पार्छ । अनि तेस्रो वाक्यमा अन्तरराष्ट्रिय कानुनको पालनाको कुरा छ । त्यसमा त नेपालले कुनै कानुनको उल्लङ्घन गरेको जस्तो लाग्दैन । वास्तवमा अन्तरराष्ट्रिय कानुनको उल्लङ्घन गर्नेमा पनि शक्तिशाली मुलुकहरू नै अगाडि छन् ।

संयुक्त राष्ट्रसङ्घको प्रस्तावना वाक्यमा भनेको चौथो कुरा नेपालका लागि सबैभन्दा बढी महत्त्वपूर्ण छ । त्यो हो 'स्वतन्त्रताको वातावरणमा आर्थिक र सामाजिक विकास गर्ने ।' त्यो भएन भने विश्व शान्ति त हुँदैन नै, नेपालको अन्तरराष्ट्रिय सम्मान बढ्ने कुरा पनि आउँदैन । नेपालमा आर्थिक विकासको सम्भावना नदेखेर नै हाम्रा युवकहरू दिनहुँ विदेसिएका छन् र हुँदाहुँदा रुसी सेनामा भर्ना भएर युक्रेन युद्धको मोहोडामा गई मारिएको समाचार विदेशी अखबारमा समेत खबर छापिन थालेको छ । यस्तो अवस्थामा हामीले रुसले युक्रेनमा गरेको आक्रमणको विरुद्ध संयुक्त राष्ट्रसङ्घमा मतदान गरेको के अर्थ भयो र ? अझ विडम्बनाको कुरा त के छ भने केही नेपाली युवकहरू युक्रेनको पक्षबाट लड्न पनि गएको सुनिन्छ ।

यसरी नेपाली युवकहरू दुई युद्धरत पक्षबाट लड्दैछन् भने नेपाल कस्को पक्षमा छ भन्ने ? यो एउटा पीडादायी र कठोर व्यावहारिक प्रश्न छ । त्यसकारण प्रशस्त प्राकृतिक स्रोत साधन भएको आफ्नै देशमा आर्थिक विकास गरेर नेपालले आफ्नो युवाशक्तिलाई देशभित्रै परिचालन गरी आर्थिक र सामाजिक विकास गरे मात्रै नेपालको संयुक्त राष्ट्रसङ्घमा इज्जत बढ्छ । हामीले सबैभन्दा बढी ध्यान दिनुपर्ने विषय पनि यही नै हो ।(लेखक डा आचार्य संयुक्त राष्ट्रसङ्घका लागि पूर्वराजदूत हुनुहुन्छ ।)

# कोसीमा 'सुनामी' !



गोविन्द अधिकारी

यो वर्ष बर्खामा पनि कोसीमा ठूलो बाढी आएन तर मनसुन बाहिरिन लागेकै बेलामा पानीको होइन राजनीतिको 'सुनामी' नै आइदियो । सुनामीलाई 'बबण्डर' भने पनि हुन्छ । नेपाली कांग्रेसका नेता केदार कार्कीले नेकपा (एमाले)को समर्थन जुटाएर सरकार गठन गरे । कांग्रेस र एमालेका एक एक जनालाई मन्त्री बनाएर सपथ ग्रहण पनि गरेका छन् ।

संघ र अरू प्रदेशमा विपक्षमा रहेको एमाले कोसीमा 'किङ मेकर' बन्न पुग्यो । त्यतिमात्र होइन एमालेले कांग्रेसका नेता कार्कीलाई समर्थन गरिदियो । कार्कीले नेपाली कांग्रेसको प्रदेश सभा संसदीय दलको नेताका हैसियतमा नभएर २९ मध्ये आफूसहित ८ जना कांग्रेस सांसदहरूको मात्र समर्थन र एमालेको सहयोगमा मुख्यमन्त्री बने ।

वर्तमान गठबन्धन बनेको बेला कोसीको मुख्यमन्त्री कांग्रेसका भागमा परेको थियो । कांग्रेसले प्रदेश सभाको संसदीय दलका नेता उद्धव थापालाई मुख्यमन्त्रीको उमेदवार बनायो । विडम्बना, थापाले गठन गरेको मन्त्रिपरिषद् २ पटकसम्म असंवैधानिक ठहरियो ।

यसपटक सम्भवतः थापा वा अर्को कुनै कांग्रेसलाई नै उमेदवार बनाइएको भए केदार कार्कीले मुख्यमन्त्री पदमा यसरी दाबी पनि गर्ने थिएनन् होला । यद्यपि, थापाको सरकार असंवैधानिक ठहर हुनेबित्तिकै विकल्प खोजेको भए राजनीतिक नैतिकता पनि देखिने थियो । र, त्यस अवस्थामा स्वाभाविकरूपमा कार्कीको नाम आउनसक्थ्यो ।

### शकुनिको खेलले पारेको वित्यास

परन्तु, सभापति शेरबहादुर देउवा र नेता कृष्णप्रसाद सिटौला अर्का नेता शेखर कोइराला निकट कार्कीलाई मुख्यमन्त्री बन्न नदिने खेलमा लागे । थापाका पक्षमा समर्थन नजुट्ने देखेपछि देउवा र सिटौला कोइराला निकट कार्कीभन्दा माओवादी नेता इन्द्र आङ्बो मुख्यमन्त्री बनाउन तम्से । अनि 'सुनामी' त आउनु नै थियो ।

कोसी प्रदेश सभामा पनि कसैको बहुमत छैन । प्रदेश सभामा नेकपा (एमाले) का सबैभन्दा धेरै ३९ सदस्य छन् भने त्यसपछि नेपाली कांग्रेसको २९ जना । नेकपा (माओवादी केन्द्र)का १३ जना छन् भने अरू दलका पनि केही छन् । राप्रपाले साथ दिए पनि एमालेलाई बहुमत पुग्दैन थियो ।

गठबन्धन भत्काउन सकेमात्र एमालेको शक्ति काम लाग्थ्यो । जनादेश पनि एमालेकै निम्ति थियो । अनि गठबन्धन भत्काउनै परेपछि सानातिनातिर आँखा लगाउनुको साटो कांग्रेसमै 'सैँधमारी' किन नगर्नू? एमालेले यसपटक भने बुद्धि पुऱ्यायो । (यो युक्ति सबैभन्दा पहिले कस्ले निकालेको होला?)

जेहोस्, कोसीमा एमालेले एउटै तीरले धेरै सिकार गरेको छ । गठबन्धनभित्र चिसो अविश्वासको बीउ रोपिदियो । कांग्रेसमा दुई चिरा त पहिलेदेखि नै थियो तर गुटबन्दी झन् बलियो बनाइदियो । एमालेमाथि लागेको ' मध्यावधि मोह' को आरोप पनि पखाल्यो । अब मध्यावधि गर्नै परे पनि त्यसको दोष अरू दलमाथि लाग्नेछ ।

### विराटनगरको सोच

भनिन्छ - विराटनगरले आज जे सोच्छ काठमाडौंले पर्सी त्यो बुझ्छ । राजनीतिक विद्रोह विराटनगरको पहिचान नै बनेको थियो विगतमा । र, गरिजाप्रसाद कोइराला बाँच्दासम्म पनि नेपाली राजनीतिको वास्तविक केन्द्र विराटनगरै भएजस्तो लाग्थ्यो । जटिल राजनीतिक निर्णय लिन गिरिजाबाबु विराटनगर जो पुग्थे ।



अहिले पनि प्रदेशहरू संघका कठपुतली होइनन् भन्ने सन्देश विराटनगर विद्रोहले दिएको छ । राष्ट्रिय नेताहरू सांसदहरूलाई पनि पार्टीका कार्यकर्ता जसरी नै खटनमा राख्न चाहन्छन् । सांसदहरूलाई विधि निर्माणका समेत विवेक प्रयोग गर्न नदिइएका उदाहरण छन् । सार्वभोम जनताबाट निर्वाचित प्रतिनिधि भए पनि नेपालमा सांसदहरूको हैसियत मध्ययुगका 'क्रीतदास'को जस्तो छ । एमाले अध्यक्ष खड्गप्रसाद ओलीले त प्रधानमन्त्री हुँदा 'प्रदेश केन्द्रकै इकाइ हो 'सम्म भनेका थिए । होइन रहेछ त उनले भनेजस्तो । कोसी कांग्रेसका ८ सांसदले त अवज्ञा गरिदिए केन्द्रको आदेश । अब 'टाउके'हरू बसेर देशको भाग्य निर्धारण गर्ने वा 'पाटनका ६ प्रधान' बनी खेल्न हिचकिचाउलान् कि?

### दलीय अनुशासनको 'हनुमान चिन्ता'

कोसीमा केदार कार्कीले बाजी मार्दा कांग्रेसका केही नेता 'खोरमा परेको बिरालाला खाँबो चिथोर्छ' भनेजस्तो भएका देखिन्छन् । सत्तागठबन्धनका नेता प्रधानमन्त्री पुष्पकमल दाहाल गठबन्धनको फाट्न लागेको टालामा रफ्फु भर्न लागेका छन् । एमालेको समर्थनमा मुख्यमन्त्री बनेका कार्कीलाई गठबन्धनकै मुख्यमन्त्री भनेर चित्त बुझाउँदैछन् । देउवा र दाहालको छटपटीको मात्रा 'चिकर्टो'मा गठबन्धन जोगाउन कोइरालासँग गरिएको सहमतिले उजागर गरेको छ ।

शेखर कोइरालालाई पार्टीको चुनावपछि ' बाल' नदिएका देउवाले अहिले यसरी सम्झौता गरेर सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्नुपर्‍यो । यसभन्दा लाजमर्दो लाचारी अरू के हुनसक्छ? पार्टीभित्रका प्रतिस्पर्धी कोइरालासँग देउवाले यथोचित स्थान दिएका मात्रै भए पनि सायद देउवाले यति ग्लानि सहनुपर्ने थिएन । 'शकुनि'हरूको भर परेर शेखरको सेखी झार्न पट्टि नलागेका भए देउवाको ढुंगो यसरी हल्लिने थिएन ।

कोसीका जे भयो त्यो गलत कि सही भन्ने विश्लेषण आआफ्नै हुन्छ । तर, परिपक्व लोकतन्त्रहरूमा सांसदहरू यस्ता अभ्यास गर्छन् । बेलायत वा अमेरिकाका सांसदहरूले धेरै स्वतन्त्रता प्रयोग गर्छन् । कोसीको विद्रोहले दलहरूमाथि आकाश खस्दैन ।तर, जनप्रतिनिधिले विवेकको अभ्यास गर्ने परम्परा कायम हुनसक्छ ।

हो पार्टी नेताहरूको निरङ्कुशतामा भने पक्कै गतिलै प्रहार हो कोसीको विद्रोह । अब बुद्धि भएकुनै निर्णय थोपर्नुभन्दा पहिले नेताहरू धेरैपटक सोच्नेछन् ? पार्टीभित्र विधि र पद्धति कायम गरेर नैतिक वैधता पनि आर्जन गर्नेछन् कि ? देउवाले पार्टीलाई कांग्रेसकै विधानअनुसार चलाएका भए सायद कोसी विद्रोह हुनै नै थिएन । जेहोस्, दलका नेताको 'अधिनायक' शैलीलाई चुनौती दिन कोसीबाट थालिएको छ । दल र नेताका हनुमानहरूलाई जनताका प्रतिनिधिको स्वतन्त्रताको अभ्यास पचाउन पक्कै गाह्रो हुन्छ । तर, लोकतन्त्रमा सैद्धान्तिक र व्यावहारिक दुवै आधारमा जनप्रतिनिधि दलभन्दा बढी जनताप्रति उत्तरदायी हुनुपर्छ भन्ने विश्वव्यापी मान्यता अब नेपालमा पनि स्थापित होस् । नयाँ लोकतान्त्रिक बाटो तय गर्न आँट गरेका केदार कार्की साँच्चै नै जनताप्रति उत्तरदायी बनून् ।

### र अन्त्यमा

गएको साता नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले कार्यकर्तालाई विरोधीको प्रतिवाद गर्न निर्देशन दिएछन् । उनका अनुसार 'पार्टीविरुद्ध निरन्तर प्रहार बढिरहेकाले वैचारिक प्रतिवाद' गर्नुपर्छ । पार्टीमाथि लाग्ने आरोपको प्रतिवाद गर्न चिया पसलमा समेत बहस गर्न तम्सनुपर्छ । पार्टीका नेताका लागि त यो अत्यन्त स्वाभाविक लाग्ला तर बिचरा कार्यकर्ताले कुन मुखले प्रतिवाद गरून् ? अहिले कांग्रेसमा नेता कार्यकर्ताको आचरण हेर्दा 'चिया पसलमा वैचारिक प्रतिवाद' लाज र विवेक भएको कसैले गर्न सक्छ ?

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पनि उस्तै रोइलो सुनाएछन् गोरखा पालुङटारवासीलाई । उनका अनुसार पछिल्लो समय नेपाली कांग्रेस चौतर्फी घेराबन्दीमा परेको छ रे ! र त्यस्तो घेराबन्दी चाहिँ राजनीतिक परिवर्तन नचाहनेहरुले गरेका हुन् रे !

पार्टीका लिखतमै कांग्रेसलाई 'प्रमुख शत्रु' घोषणा गर्ने माओवादीसमेतको सहयोगमा मुख्यमन्त्री रहेका पाण्डेले कांग्रेसविरुद्ध घेराबन्दी भएको देखेछन् । कांग्रेसको दुर्दशा शेरबहादुर देउवा पार्टी सभापति भएदेखि नै बढ्दै गएको देखिएको छ । संयोग, सिंह र पाण्डे उतिबेला र अहिले पनि देउवाकै पक्षमा छन् ।

# गुटेरेसको भ्रमणपछि राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय समुदायसँगको सम्बन्ध थप मजबुद हुनेछ : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको चारदिने औपचारिक नेपाल भ्रमणबाट राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय समुदायसँग नेपालको सम्बन्धलाई थप मजबुद बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ।

महासचिव गुटेरेससँग आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको औपचारिक भेटवार्तापछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिनुहुँदै प्रधानमन्त्री दाहालले अन्तर्राष्ट्रिय क्षेत्रसँग सम्बन्ध विस्तार तथा सहजीकरण गर्न यो भ्रमणले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

उक्त छलफल नेपालको शान्ति प्रक्रिया, जलवायु परिवर्तन, अल्पविकसित मुलुकबाट स्तरोन्नति र दिगो विकासलगायतका विषयमा केन्द्रित भएको प्रधानमन्त्री दाहालले बताउनुभयो । "निकै सौहार्दपूर्ण वातावरणमा दुईपक्षीय हितका र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका विषयमा विश्वासका साथ हामीले छलफल गर्यौं । मुख्यरुपमा जलवायु परिवर्तनको विषयमा गम्भीररुपमा चर्चा गर्यौं", प्रधानमन्त्री दाहालले भन्नुभयो, "नेपालमा जलवायु परिवर्तनका नकारात्मक असरको न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय समुदायमा संयुक्त राष्ट्रसङ्घको महासचिवको हैसियतले उहाँले खल्नुभएको भूमिकाको उच्च प्रशंसा गर्यौं ।" जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि आगामी दिनमा राष्ट्रसङ्घलगायत द्विपक्षीय तथा बहुपक्षीप अन्तर्राष्ट्रिय निकायबाट सहयोगको अपेक्षा गरेको प्रधानमन्त्री दाहालले बताउनुभयो।

त्यस्तै, नेपालको शान्ति प्रक्रिया चाँडै टुङ्गिने विश्वास पनि प्रधानमन्त्री दाहालले व्यक्त गर्नुभयो। "अन्तिम चरणमा रहेको नेपालको शान्ति प्रक्रियालाई टुङ्ग्याउनका लागि अन्तर्राष्ट्रिय समुदाय र संयुक्त राष्ट्रसङ्घको महासचिवको हैसियतले उहाँको महत्त्वपूर्ण भूमिका रहने विश्वास हामीले लिएका छौं", उहाँले भन्नुभयो।

नेपालको आर्थिक विकास र समृद्धिका बारेमा पनि छलफल भएको प्रधानमन्त्री दाहालले बताउनुभयो । नेपाल अल्पविकसित मुलुकबाट स्तरोन्नति हुनेक्रममा रहेकाले यो प्रक्रिया सहज बनाउन तथा तोकिएको समयमा दिगो विकास लक्ष्य हासिल गर्नका लागि सहयोग गर्न पनि प्रधानमन्त्री दाहालले राष्ट्रसङ्घ महासचिव गुटेरेससँग आग्रह गर्नुभयो।

"असाध्यै सकारात्मक छलफल भएको छ । यहाँको राजनीतिक उतारचढाव र शान्ति प्रक्रियाबारे उहाँलाई राम्रो थाहा छ। मौसम परिवर्तनका असरबारे पनि छलफल भयो", प्रधानमन्त्री दाहालले भन्नुभयो, "विश्व शान्ति निर्माणका लागि नेपालको शान्ति सेनाले खेलेको भूमिकाको पनि उहाँले मुक्तकण्ठले प्रशंसा गर्नुभयो । हामीले पनि हाम्रो योगदानको सम्मान होस् भन्ने विषय राख्यौं।"

राष्ट्रसङ्घका महासचिव गुटेरेसले आइतबारै उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का र परराष्ट्रमन्त्री एनपी साउँदसँग पनि औपचारिक भेटवार्ता गर्नुभएको थियो। रासस

महासचिव गुटेरेसको लुम्बिनी भ्रमण

# विश्वभर शान्ति प्रवाह हुने अपेक्षा

लुम्बिनी। संयुक्त राष्ट्रसङ्घका तत्कालीन महासचिव ऊ थान्तले सन् १९६७ को अप्रिलमा बुद्धको जन्मस्थल लुम्बिनी भ्रमण गर्नुभयो। त्यस भ्रमणसँगै लुम्बिनीको विकास र प्रचारप्रसारमा महत्त्वपूर्ण थालनी भयो। राष्ट्रसङ्घका तेस्रा महासचिव ऊको त्यो भ्रमणसँगै लुम्बिनीको विकासमा महत्त्वपूर्ण योगदान पुगेको बताइँदै आएको छ। उहाँको पहलमा यस क्षेत्रको विकासका एउटा अन्तर्राष्ट्रिय समिति गठन भएको थियो। त्यसक्रममा महासचिव ऊले लुम्बिनीको विकास पर्याप्त नभएको देखेर तत्कालीन राजा महेन्द्रसँगको भेटमा लुम्बिनीको विकासका लागि आफू सहयोग गर्न तयार रहेको धारणा व्यक्त गर्नुभएको थियो।



विश्वका शान्तिप्रेमी र बौद्धमार्गीको पवित्र थलो भएकाले ऊको लुम्बिनी भ्रमणपछि यसलाई पर्यटकीय क्षेत्र एवं तीर्थस्थल बनाउने योजना अन्तर्राष्ट्रियस्तरमै तय गरिएको थियो । त्यस भ्रमणपछि लुम्बिनीको योजनाबद्ध विकास सुरुआत भएको मानिन्छ।

जापानी वास्तुकलाविद् प्राध्यापक केन्जो टाङ्गेले राष्ट्रसङ्घका तत्कालीन महासचिव ऊकै आग्रहमा लुम्बिनीको गुरुयोजना तयार गर्नुभएको थियो। उक्त गुरुयोजना र लुम्बिनीको विकास तथा प्रवर्द्धनका लागि अन्तर्राष्ट्रियस्तरको समिति गठन गर्ने कार्यमा पनि संयुक्त राष्ट्रसङ्घकै भूमिका रहेको छ।

सन् १९७८ मा जापानी वास्तुकलाविद् प्राध्यापक टाङ्गेले तयार पार्नुभएको गुरुयोजना ४५ वर्ष बितिसक्दा पूरा हुन सकेको छैन। गुरुयोजनाअनुसार अहिलेसम्म करिब ८५ प्रतिशत मात्रै काम सम्पन्न भएको छ । त्यसपछि अहिलेसम्म संयुक्त राष्ट्रसङ्घका महासचिव तथा पदाधिकारीले लुम्बिनीलाई विशेष चासो र महत्त्वका साथ हेर्दै आएका छन्।

राष्ट्रसङ्घको महासचिवका रूपमा ड्याग ह्यामरकेजोल्ड, ऊ थान्त, ज्याभियर पेरेज डि कुइलर, कर्ट वाइल्डहाइम र बानकी मुनले लुम्बिनीको भ्रमण गर्नुभएको थियो। राष्ट्रसङ्घका महासचिवका रुपमा हाल एन्टोनियो गुटेरेस मङ्गलबार लुम्बिनी भ्रमणका लागि आउनुहुने कार्यक्रम रहेको लुम्बिनी विकास कोषले जनाएको छ। उहाँ आउने राष्ट्रसङ्घको छैटौं महासचिव हुनुहुन्छ । महासचिव गुटेरेसको भ्रमणबाट लुम्बिनीको विकासका कोषेढुङ्गा सावित हुने लुम्बिनी विकास कोषका उपाध्यक्ष डा ल्हारक्याल लामाले बताउनुभयो । "नेपाल भ्रमण गर्ने हरेक राष्ट्रसङ्घका महासचिवको बुद्धको जन्मस्थल भ्रमण गर्नु लुम्बिनीकै इतिहास, गौरव र बुद्धको सन्देश संसारभर पुर्याउन सफलता मिलेको छ", उहाँले भन्नुभयो, "यसपटक पनि भ्रमणले निरन्तरता पाउने भएकाले लुम्बिनीवासीका लागि यो गौरवको विषय बनेको छ।"

महासचिव गुटेरेसको भ्रमणका क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड' समेत लुम्बिनी आउनुहुने कार्यक्रम तय भएको कोषका उपाध्यक्ष डा लामाले जानकारी दिनुभयो । यसबाट राष्ट्रसङ्घको रोहवरमा दस वर्षे युद्धपछि माओवादी पार्टी शान्ति प्रक्रियामा आएको र विस्तृत शान्तिसम्झौता हुँदै हाल संविधान कार्यान्वयन र शान्ति प्रक्रियाकै अन्तिम चरणमा रहेको अवस्थामा महासचिवको लुम्बिनी भ्रमणका बेला प्रधानमन्त्रीसमेतको सहभागिताले विश्वभर शान्तिको सन्देश जाने उहाँले बताउनुभयो।

राष्ट्रसङ्घको मुख्य उद्देश्य विश्वमा शान्तिको सन्देश पुर्याउनु हो । महासचिवको लुम्बिनी भ्रमणले नेपालको भूमिबाट विश्वभर शान्तिको सन्देश पुग्नु नेपालका लागि गौरवको विषय भएको उपाध्यक्ष लामाको भनाइ थियो । यस भ्रमणले अहिले विभिन्न मुलुकबीच भइरहेका युद्धलाई नेपालबाट शान्तिको सन्देश प्रभाहित हुनु नेपालका लागि अर्को गौरवको विषय हुने भएको छ । यस भ्रमणले नेपालमा अहिले देखिएको आर्थिक सङ्कटलगायत समस्या समाधान गर्न, लुम्बिनीलाई धार्मिक पर्यटकीय हिसाबले विकास गर्न, बृहत्तर लुम्बिनीको पर्यटन प्रवर्द्धनबारे विश्वभर प्रचारप्रसार गर्न र संसारका सम्पूर्ण मानवको शान्तिका लागि सहयोग मिल्ने अपेक्षा गरिएको छ । महासचिव गुटेरेसको स्वागतका लागि कोषले आवश्यक तयारीसमेत गरिसकेको कोषका सदस्यसचिव सानुराजा शाक्यले जानकारी दिनुभयो। उहाँका अनुसार मङ्गलबार बिहान करिब ९ बजेदेखि १० बजेभित्र महासचिव गुटेरेस लुम्बिनीमको औपचारिक कार्यक्रममा रहनुहुनेछ।

महासचिव गुटेरेसलाई मङ्गलबार बिहान बुद्धको जन्मस्थलमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती, लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला श्रीपाली, कोषका उपाध्यक्ष डा लामालगायतले स्वागत गर्नुहुनेछ। यसलगत्तै महासचिव गुटेरेस शान्तिदीप हुँदै मायादेवी मन्दिरमा पुगेर प्रार्थना गर्नाका साथै र त्यहाँको वातावरण अवलोकन गर्नुहुने कोषले जनाएको छ । कोषकतर्फबाट त्यहाँ लुम्बिनी क्षेत्र र गुरुयोजनाका विषयमा जानकारीपश्चात्सञ्चारकर्मीसँगगुटेरेसले आफ्नो शान्तिको सन्देशसहितको भनाइ राख्ने कार्यक्रम तय भएको सदस्यसचिव शाक्यले बताउनुभयो।रासस

## महासचिव गुटेरेसले मङ्गलबार सङ्घीय सदनलाई सम्बोधन गर्ने

काठमाण्डु। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले आगामी मङ्गलबार दिउँसो ४ बजे दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुहुने भएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा सभामुख देवराज घिमिरेले सदनलाई सोसम्बन्धी जानकारी दिनुभएको हो। उहाँले उक्त दिन दिउँसो ३ बजे ४५ मिनेटभित्रै औपचारिक पोशाकमा बैठक कक्षमा उपस्थित हुन सांसदहरुलाई आग्रहसमेत गर्नुभयो।

यसैबीच अर्थमन्त्रीकोतर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले प्रतिनिधिसभामा 'बैंकिङ कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक २०८०' र 'भन्सार विधेयक, २०८० ' प्रस्तुत गर्नुभएको थियो। सभामुख देवराज घिमिरेले दुवै विधेयक संशोधनका लागि प्रस्तुत गर्न अनुमति दिनुभयो।रासस

# महासचिव गुटेरेस र सभापति देउवाबीच भेटवार्ता



काठमाण्डु । नेपालको औपचारिक भ्रमणमा रहनुभएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस र नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाबीच भेटवार्ता भएको छ।

सङ्घीय संसद् भवन नयाँ बानेश्वरमा आइतबार अपराह्न उहाँहरूबीच भेटवार्ता भएको हो। सो अवसरमा उहाँहरूबीच नेपालको शान्ति प्रक्रिया, जलवायु परिवर्तनलगायत विषयमा छलफल भएको भेटमा सहभागी उपसभापति एवं कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले जानकारी दिनुभयो।

महासचिव गुटेरेस नेतृत्वको प्रतिनिधिमण्डलमा संयुक्त राष्ट्रसङ्घका शान्ति कार्यका लागि उपमहासचिव जीन पियरे ल्याक्रोइक्स, नेपालका लागि संयुक्त राष्ट्रसङ्घका आवासीय संयोजक हाना सिंगर-हाम्दी र संयुक्त राष्ट्र सङ्घका अन्य अधिकारीहरू सहभागी हुनुहुन्छ।

महासचिव गुटेरेस नेपालको चारदिने औपचारिक भ्रमणका क्रममा आइतबार बिहान नेपाल आइपुग्नुभएको हो । उहाँले यसअघि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेटवार्ता गर्नुभएको थियो । साथै उपप्रधानमन्त्री पूर्णबहादुर खड्का र परराष्ट्रमन्त्री नारायण प्रकाश साउदसँगसमेत महासचिव गुटेरेसको छुट्टाछुट्टै भेटवार्ता भएको थियो । भेटवार्तापछि उहाँले ऐतिहासिक एवं पुरातात्विक महत्त्वको सम्पदास्थल पाटन दरबार क्षेत्रको पनि अवलोकन गर्नुहुनेछ । प्रधानमन्त्री दाहालले महासचिव गुटेरेसको सम्मानमा आइतबार साँझ सांस्कृतिक कार्यक्रमसहितको रात्रिभोजको आयोजना गर्नुहुनेछ । भ्रमणका क्रममा सोमबार उहाँ नाम्चे, पोखरा, अन्नपूर्ण आधार शिविर र लुम्बिनी जानुहुनेछ। यही कात्तिक १४ गते मङ्गलबार अपराह्न ४ बजे उहाँले सङ्घीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम रहेको सङ्घीय संसद् सचिवालयले जनाएको छ।

प्रधानमन्त्री दाहालको मैत्रीपूर्ण निमन्त्रणामा उहाँ नेपालको औपचारिक भ्रमणमा आउनुभएको हो। महासचिव गुटेरेस नेपाल भ्रमण सम्पन्न गरी कात्तिक १५ गते (१ नोभेम्बर) काठमाण्डुबाट प्रस्थान गर्नुहुनेछ। रासस

# महासचिव गुटेरेस र एमाले अध्यक्ष ओलीबीच भेटवार्ता



काठमाण्डु । नेपालको औपचारिक भ्रमणमा रहनुभएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस र नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीबीच भेटवार्ता भएको छ।

सङ्घीय संसद् भवन नयाँबानेश्वरमा आइतबार अपराह्न उहाँहरूबीच भेटवार्ता भएको हो । सो अवसरमा महासचिव र अध्यक्षबीच नेपालको शान्ति प्रक्रिया, जलवायु परिवर्तनलगायत विषयमा छलफल भएको भेटमा सहभागी एमालेका नेता डा राजन भट्टराईले जानकारी दिनुभयो।

महासचिव गुटेरेस नेतृत्वको प्रतिनिधिमण्डलमा संयुक्त राष्ट्रसङ्घका शान्तिकार्यका लागि उपमहासचिव जीन पियरे ल्याक्रोइक्स, नेपालका लागि संयुक्त राष्ट्रसङ्घका आवासीय संयोजक हाना सिंगर-हाम्दी र संयुक्त राष्ट्र सङ्घका अन्य अधिकारीहरू सहभागी हुनुहुन्छ।

महासचिव गुटेरेस नेपालको चारदिने औपचारिक भ्रमणका क्रममा आइतबार बिहान नेपाल आइपुग्नुभएको हो । उहाँले यसअघि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेटवार्ता गर्नुभएको थियो।

साथै उपप्रधानमन्त्री पूर्णबहादुर खड्का र परराष्ट्रमन्त्री नारायण प्रकाश साउदसँगसमेत महासचिव गुटेरेसको छुट्टाछुट्टै भेटवार्ता भएको थियो । भेटवार्तापछि उहाँले ऐतिहासिक एवं पुरातात्विक महत्वको सम्पदास्थल पाटन दरबार क्षेत्रको पनि अवलोकन गर्नुहुनेछ । प्रधानमन्त्री दाहालले महासचिव गुटेरेसको सम्मानमा आइतबार साँझ सांस्कृतिक कार्यक्रमसहितको रात्रिभोजको आयोजना गर्नुहुनेछ।

भ्रमणका क्रममा सोमबार उहाँ नाम्चे, पोखरा, अन्नपूर्ण आधार शिविर र लुम्बिनी जानुहुनेछ । यही कात्तिक १४ गते मङ्गलबार अपराह्न ४ बजे उहाँले सङ्घीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम रहेको सङ्घीय संसद् सचिवालयले जनाएको छ । प्रधानमन्त्री दाहालको मैत्रीपूर्ण निमन्त्रणामा उहाँ नेपालको औपचारिक भ्रमणमा आउनुभएको हो। रासस

# संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेस सोमबार पोखरा आउने

गण्डकी । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस सोमबार पर्यटकीय नगरी पोखरा आउनुहुने भएको छ। नेपालको चारदिने औपचारिक भ्रमणका क्रममा आइतबार काठमाण्डु आउनुभएका महासचिव गुटेरेसको भ्रमण कार्यतालिकामा पोखरा समावेश गरिएको छ । भ्रमणका क्रममा सोमबार दिउँसो पोखरा आउनुहुने कार्यक्रम रहेको कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले राससलाई जानकारी दिनुभयो।

महासचिव गुटेरेस मङ्गलबार बिहान अन्नपूर्ण आधार शिविर जाने कार्यक्रम रहेको प्रमुख जिल्ला अधिकारी घिमिरेको भनाइ छ । महासचिवको आगमनलाई लक्षित गरी सम्पूर्ण सुरक्षा व्यवस्था मजबुद पारिएको उहाँले जानकारी दिनुभयो।

सन् २०१७ मा संयुक्त राष्ट्रसङ्घको महासचिव भएपछि पहिलोपटक नेपालको भ्रमण गर्न लागेका गुटेरेसले यहाँको शान्ति प्रक्रिया, दिगो विकास, जलवायु परिवर्तनलगायत विषयमा छलफल गर्नुहुने जनाइएको छ। राष्ट्रसङ्घका महासचिवको करिब १५ वर्षपछि नेपालमा हुन लागेको यस भ्रमणलाई निकै महत्त्वका साथ हेरिएको छ। महासचिव गुटेरेसको भ्रमणमा पर्यटकीय नगरी पोखरा समेटिनुले पोखराको गरिमा र महत्त्व अझै बढ्ने विश्वास लिइएको छ।

अतिविशिष्ट व्यक्तिको पोखरामा हुन लागेको भ्रमण आफूहरूका लागि ठूलो गौरवको विषय भएको पोखरा महानगरपालिकाका



प्रमुख धनराज आचार्यले बताउनुभयो । "महासचिव गुटेरेस पोखरा आउनुहुने कुरा हाम्रा लागि अत्यन्त खुसीको कुरा हो", उहाँले भन्नुभयो, "पोखराबाट अन्नपूर्ण आधार शिविरमा पुगी उहाँले जलवायु परिवर्तन, यसले पारेका प्रभाव, हिमालको अवस्था आदिको स्थलगत अवलोकनसँगै स्थानीयसँग गर्ने भनिएको छलफल एवं अन्तर्क्रियाले ठूलो महत्त्व राख्दछ।" आफूहरू महासचिव गुटेरेसको स्वागतको पर्खाइमा रहेको उहाँले बताउनुभयो।

महासचिव गुटेरेस अन्नपूर्ण आधार शिविर जाने कुराले त्यहाँका पर्यटन व्यवसायी पनि हर्षित छन् । आरोहणका दृष्टिले विश्वकै जेठो हिमालका रुपमा चर्चा कमाएको अन्नपूर्ण हिमालको आधार शिविरमा संयुक्त राष्ट्रसङ्घका महासचिव स्वयं आउन लाग्नुभएको विषयले यहाँका पर्यटन व्यवसायी उत्साहित बनेको छोम्रोङ पर्यटन समितिका सचिव दिलीप गुरुङले बताउनुभयो । महासचिवको आगमनले अन्नपूर्ण हिमाल, आधार शिविरसँगै समग्र यस क्षेत्रको विश्वव्यापी प्रवर्द्धन हुने विश्वास लिइएको उहाँले बताउनुभयो।

अतिविशिष्ट व्यक्तिको भ्रमणस्थलका रुपमा स्थापित हुँदै पोखरा

प्रकृतिको बरदान पाएको पोखरा अतिविशिष्ट व्यक्तिको भ्रमणस्थल बन्दै गएको छ । फ्रान्सका हिमाल आरोही मौरिस हर्जोगले सन् १९५० जुन ३ मा सर्वप्रथम अन्नपूर्ण प्रथमको सफल आरोहण गरेसँगै अन्नपूर्ण हिमाल र यससँग प्रत्यक्ष जोडिएका पोखरालगायतका गन्तव्यले पर्यटकीयरुपमा महत्व पाएका हुन् । अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले गरेको अन्नपूर्ण आधार शिविरको पदयात्रापछि पोखरालाई आधार बनाएर अन्नपूर्ण, धवलागिरिजस्ता हिमालका पेरिफेरीमा पदयात्रातर्फ पनि आकर्षण बढेको हो।

सन् १९६० देखि हिप्पी पर्यटकको आगमनले पोखराको पर्यटकीय गतिविधि बढेको पाइन्छ। सन् १९८० को दशकदेखि फस्टाउँदै गएको यहाँको पर्यटनलाई समय समयमा हुने गरेका अतिविशिष्ट व्यक्तिको आगमनले यहाँको गरिमा र महिमा अझै चुलिएको हो।

इतिहास खोतल्दा यसअघि सन् १९६१ मा बेलायती महारानी एलिजावेथ द्वितीया र सन् १९६३ मा भारतीय राष्ट्रपति राधाकृष्णले पनि पोखराको भ्रमण गर्नुभएको थियो । त्यसयता पोखरामा २०७२ चैतमा सम्पन्न सार्क मन्त्रिपरिषद् बैठक (मिनी सार्क सम्मेलन), त्यसलगत्तै भएको बेलायती राजकुमार ह्यारीको भ्रमणदेखि २०७३ कात्तिकमा भएको भारतीय राष्ट्रपति मुखर्जीसम्मका औपचारिक भ्रमणले यहाँको महत्त्वलाई अझै बढाएको थियो। पोखरामा २०७६ कात्तिकमा बङ्गलादेशका राष्ट्रपति मोहम्मद अब्दुल हमिद फेवातालमा डुङ्गा शयरदेखि हिमाल अवलोकन आदि गतिविधिमा सरिक बन्नुभएको थियो । पोखरा आउनुभएका अतिविशिष्ट व्यक्तिले सुन्दर सहर, प्रकृतिको बरदान आदि उपमा दिनुले पनि यहाँको प्रवर्द्धन भइरहेको छ।रासस

# प्रधानमन्त्री दाहालसँग राष्ट्रसङ्घ महासचिव गुटेरेसको भेटवार्ता

काठमाण्डु। नेपाल भ्रमणमा रहनुभएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेट गर्नुभएको छ । मुख्यसचिव डा वैकुण्ठ अर्याल र परराष्ट्र सचिव भरतराज पौड्यालले महासचिव गुटेरेसलाई सिंहदरबार स्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्वागत गर्नुभयो।

प्रधानमन्त्री दाहालसँग भेट्नुअघि उहाँले आइतबारै उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का र परराष्ट्रमन्त्री एनपी साउदसँग पनि भेटवार्ता गर्नुभएको छ। महासचिव गुटेरेसले आइतबारै राष्ट्रपति रामचन्द्र पौडेल, कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीसँग भेट्ने कार्यक्रम रहेको छ। त्यस्तै, उहाँ आइतबार ललितपुरस्थित पाटन दरबार क्षेत्र भ्रमणका लागि जानुहुने जनाइएको छ। रासस

# पहिलो पटक अन्तरिक्षमा मुसाको भ्रुणको विकास



**एएफपी**

टोक्यो । जापानी वैज्ञानिकहरूले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आईएसएस) मा मुसाको भ्रूणको विकास गरेका छन् । वैज्ञानिकहरूका अनुसार पहिलो अध्ययनमा सामान्यरूपमा भ्रूणको विकास भएको छ र यसले मानिसका लागि अन्तरिक्षमा प्रजनन गराउन सम्भव हुनसक्ने सङ्केत दिएको छ।

यामानाशी विश्वविद्यालयको एडभान्स्ड बायोटेक्नोलोजी सेन्टरका प्राध्यापक तेरुहिको वाकायामा र जापान एयरोस्पेस स्पेस एजेन्सी (जेएएक्सए) को एउटा टिमसहितको अन्वेषकहरूले सन् २०२१ अगस्टमा एउटा रकेटमा जमेको मुसाको भ्रूणलाई आइएसएसमा पठाएका थिए।

अन्तरिक्ष यात्रीहरूले सोही उद्देश्यले डिजाइन गरिएको विशेष उपकरणको प्रयोगले प्रारम्भिक चरणमा भ्रूणहरूलाई पगाले र तिनीहरूलाई चार दिनसम्म स्टेसनमा विकसित गरे ।

"सूक्ष्म गुरुत्वाकर्षणको परिस्थितिमा विकसित भएका भ्रूण सामान्यतया ब्लास्टोसिस्टमा विकसित हुन्छन्, बलास्टोसिस्ट त्यस्तो कोशिका हो जुन प्लेसेन्टामा विकसित हुन्छ", वैज्ञानिकहरूले भनेका छन् । शनिबार वैज्ञानिक पत्रिका आईसाइन्समा अनलाइन प्रकाशित एक अध्ययनमा अन्वेषकहरूले भनेका छन्, "प्रयोगबाट के स्पष्ट भएको छ भने भ्रूणको विकासमा गुरुत्वाकर्षणको कुनै उल्लेखनीय असर थिएन ।"

उनीहरूले पृथ्वीमा प्रयोगशालामा फिर्ता पठाइएको ब्लास्टोसिस्टको विश्लेषण गरेपछि डीएनए र जीनको स्थितिमा कुनै उल्लेखनीय परिवर्तन नभएको पनि बताएका छन् । "यो पहिलो अध्ययनले अन्तरिक्षमा स्तनधारी फस्टाउन सक्छन् भन्ने देखाएको छ", यामानाशी विश्वविद्यालय र राष्ट्रिय अनुसन्धान संस्थान रिकेनले संयुक्त विज्ञप्तिमा भनेका छन्, "आईएसएसको पूर्ण सूक्ष्म गुरुत्वाकर्षण अन्तर्गत प्रारम्भिक चरणमा स्तनधारी भ्रूणहरूको सम्वर्द्धन गरिएको विश्वमा यो पहिलो प्रयोग हो।"

"ब्लास्टोसिस्ट सामान्य हो भन्ने पुष्टि गर्नका लागि भविष्यमा आईएसएसको सूक्ष्म गुरुत्वाकर्षणमा विकसित ब्लास्टोसिस्टलाई मुसामा प्रत्यारोपित गर्न आवश्यक हुनेछ । यसबाट मुसाले बच्चा जन्माउन सक्छ वा सक्दैन भन्ने थाहा पाउन सकिनेछ", विज्ञप्तिमा भनिएको छ । यस्तो अनुसन्धान भविष्यमा अन्तरिक्ष अन्वेषण र औपनिवेशिक अभियानका लागि महत्वपूर्ण हुनसक्छ।

# १० वर्षपछि टी-२० विश्वकप खेल्न नेपाललाई आएको अवसर

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालले सन् २०१४ को आइसिसी टी-२० विश्वकप खेलेको थियो। सन् २०१३ मा भएको छनोट पार गरेर पहिलो पटक विश्वकप खेलेपछि नेपालमा क्रिकेटको उचाइ ह्वात्तै बढेको थियो। त्यसयता भने नेपाल विश्वकपमा छनोट हुन सकेको छैन। लगातार तीन पटक विश्व छनोटमा असफल भएको नेपालले भोलि (सोमबार) देखि काठमाडौंमा सुरू हुने आइसिसी टी-२० विश्वकप २०२४ का लागि एसिया छनोट खेल्दैछ। नेपाल चौथो प्रयासमा टी-२० विश्वकपमा फर्कने योजनामा छ ।

छनोट प्रतियोगितामा नेपाल समूह 'ए' मा छ। यो समूहमा नेपालसहित सिंगापुर, मलेसिया र ओमान छन्। अर्को समूहमा युएई, हङकङ, बहराइन र कुवेत छन्। खेलहरू कीर्तिपुरस्थित त्रिवि मैदान र मुलपानी मैदानमा कात्तिक १३ देखि १९ गतेसम्म चल्नेछ। समूहका शीर्ष दुई टिम सेमिफाइनल पुग्नेछन्। सेमिफाइनल जित्ने दुवै टिम आगामी वर्ष अमेरिका र वेस्ट इन्डिजमा हुने टी-२० विश्वकपमा छनोट हुनेछन्।

समूहमा नेपाल र ओमान एकदिवसीय मान्यता प्राप्त टिम हुन्। तुलनात्मक रूपमा नेपाललाई समूहमा ओमान बलियो प्रतिद्वन्द्वी हो। तर टी-२० मा कुनै पनि टिमलाई कमजोर आँक्ने गल्ती नगर्ने नेपालका कप्तान रोहितकुमार पौडेल र प्रशिक्षक मोन्टी देसाइको भनाइ छ ।

अर्को समूहमा विश्वकप खेलिसकेका युएई र हङकङ विश्वकप खेलिसकेका टिम हुन्। समूह चरणमा अपेक्षाकृत प्रदर्शन गरेमा नेपालले सेमिफाइनलमा युएई वा हङकङको सामना गर्न सक्ने आकलन छ। तर कुवेत र बहराइनले पनि उपक्षेत्रीय छनोट पार परेर अन्तिम छनोटमा स्थान पक्का गरेकाले उनीहरूलाई कमजोर आँक्न मिल्दैन। सेमिफाइनल पुगेर अर्को समूहबाट छनोट भएको टिमलाई पराजित गरे नेपाल १० वर्षपछि टी-२० विश्वकपमा पुग्नेछ ।

१० वर्षपछि विश्वकपमा छनोट हुने लक्ष्यमा रहेको नेपालका हालका अधिकांश खेलाडी सन् २०१४ को विश्वकप हेरेर क्रिकेटमा आकर्षित भएको कप्तान पौडेल बताउँछन्। घरेलु मैदानमा विश्वकप छनोट खेल्न पाउनु नेपालका लागि सुनौलो अवसर भएको उनले बताए ।

'हाल हाम्रो टिममा रहेका अधिकांश खेलाडीले सन् २०१४ को टी-२० विश्वकपमा नेपालले खेलेको हेरेका थिए। अहिले फेरि हाम्रो सामू विश्वकपमा छनोट हुने अवसर छ। त्यसका लागि हामी सबै खेलाडी उत्साहित छौं,' कप्तान पौडेलले विश्वकप छनोटको पूर्वसान्ध्यामा भने । सन् २०१४ मा बंगलादेशमा भएको विश्वकप खेलेका खेलाडीमध्ये सोमपाल कामी मात्र अहिले नेपाली टिममा छन्। कप्तान पौडेलले घरेलु मैदानमा खेल हुने भएकाले पनि नेपाली टिम उत्साहित भएको बताए। टी-२० विश्वकप छनोटअघि नेपालले घरेलु मैदानमा युएई र हङकङसँग त्रिकोणात्मक टी-२० सिरिज खेलेको थियो। सिरिजको लिग चरणमा चारै खेल जितेको नेपाल फाइनलमा भने युएईसँग पराजित भएको थियो। युएईसँग फाइनलमा पराजित भएपछि आफ्नो कमजोरी सुधार गर्न मौका मिलेको कप्तान पौडेलको भनाइ छ ।



**११ वर्षमा छैटौ पटक छनोट खेल्दै नेपाल**

नेपालले सन् २०१२ युएईमा भएको विश्व छनोट खेलेको थियो। त्यतिबेला नेपाल सातौं भएको थियो। नेपालले सन् २०१३ को विश्व छनोटमा भने उत्कृष्ट खेलेको थियो। जहाँ नेपाल तेस्रो हुँदै सन् २०१४ को टी-२० विश्वकप पुगेको थियो। सन् २०१५ को विश्व छनोटमा भने नेपालको प्रदर्शन राम्रो हुन सकेन। आयरल्यान्ड र स्कटल्यान्डमा भएको प्रतियोगितामा समूहको पुछारमा रहँदै बाहिरिएको थियो।

सन् २०२१ मा युएईमा भएको विश्वकपका लागि २०१९ मा सिंगापुरमा एसिया छनोट खेल भएको थियो। जहाँ नेपालले खराव प्रदर्शन गर्दा सन् २०१२ पछि विश्व छनोट खेल्ने अवसर गुमाएको थियो। सन् २०२२ मा अस्ट्रेलियामा भएको विश्वकपको छनोटमा पनि नेपाल सफल भएन। दुई वर्षअघि ओमानमा भएको छनोटमा नेपालले समूह चरणमा सहज जित हात पार्दै सेमिफाइनलमा स्थान बनाएको थियो। तर सेमिफाइनलमा जिते हात पारे विश्वकपमा पुग्ने खेलमा भने नेपाल असफल भयो ।

फागुन २०७८ मा ओमानमा भएको सेमिफाइनलमा नेपाल युएईसँग ६८ रनले पराजित हुँदा ८ वर्षपछि विश्वकप खेल्ने सपना चकनाचुर भएको थियो। नेपालले सन् २०२४ को विश्वकपमा छनोट हुन यसपटक लागि चार टिम सम्मिलित समूहमा सुरूमा शीर्ष दुईमा पर्नु पर्ने हुन्छ। त्यसपछि हुने सेमिफाइनलमा जित हात पारे नेपालले १० वर्षपछि विश्वकप खेल्नेछ ।

**यसपटक क्षेत्रीय छनोटबाट सिधा विश्वकपमा**

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी) ले सन् २०२४ को टी-२० विश्वकपमा लागि क्षेत्रीय छनोट प्रतियोगिताबाट टिमहरू छानिरहेको छ। यसअघि आइसिसीले विश्व छनोटबाट टिम छनोट गर्ने गरेको थियो। क्षेत्रीय छनोटका लागि आइसिसीले एसिया, अफ्रिका र युरोपलाई २-२ वटा कोटा निर्धारण गरेको छ। यस्तै अमेरिका र इस्ट एसिया प्यासेफिकबाट १-१ टिम गरी कुल ८ टिम सन् २०२४ को विश्वकपमा छनोट हुने छन् ।

जसमा युरोपबाट आयरल्यान्ड र स्कटल्यान्ड, इस्ट एसियाबाट पपुवा न्युगिनी र अमेरिकाबाट क्यानडाले विश्वकपमा स्थान पक्का गरिसकेका छन्। अब एसिया र अफ्रिका छनोटबाट कुल २-२ टिम गरी ४ टिम छनोट हुन बाँकी छ ।

**पहिलो पटक टी-२० विश्वकपमा २० टिम**

अमेरिका र वेस्ट इन्डिजले आइसिसी टी-२० विश्वकप २०२४ संयुक्तरूपमा आयोजना गर्दैछन् । पहिलो पटक उत्तर अमेरिका क्षेत्रमा हुन लागेको टी-२० विश्वकपमा २० टिमले सहभागिता जाउँदैछन् । सन् २०२४ को टी-२० विश्वकपमा १२ टिम सिधै छनोट भएका छन् भने ८ टिमले क्षेत्रीय छनोट चरण पार गर्दैछन्।

गत वर्षको अक्टोबर-नोभेम्बरमा अस्ट्रेलियामा भएको टी-२० विश्वकपको शीर्ष ८ टिम २०२४ को विश्वकपका लागि सिधा छनोट भइसकेका छन् । जसमा अस्ट्रेलिया, इंग्ल्यान्ड, भारत, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलंकाले शीर्ष आठमा परेर २०२४ को विश्वकपका लागि स्थान पक्का गरिसककेका छन् । अमेरिका र वेस्ट इन्डिज आयोजकको हैसियतमा छनोट भइसकेका छन्। अमेरिकाले पहिलो टी-२० विश्वकप खेल्दैछ। १४ नोभेम्बर २०२२ सम्मको विश्व वरीयतालाई अर्को छनोटको आधार मानिएको थियो। जसबाट अफगानिस्तान र बंगलादेशले टी-२० विश्वकपमा स्थान बनाइसकेका छन् ।

**सिधा छनोट भएका टिम**

***टी-२० विश्वकप २०२२ को शीर्ष ८ टिम: अस्ट्रेलिया, इंग्ल्यान्ड, भारत, नेदरल्यान्ड्स, न्युजिल्यान्ड, पाकिस्तान, दक्षिण अफ्रिका र श्रीलंका***

**आयोजक**: अमेरिका र वेस्ट इन्डिज गरी २ टिम

**आइसिसी विश्व वरीयताका २ टिम**: अफगानिस्तान र बंगलादेश

*जम्मा १२ टिम*

*क्षेत्रीय छनोटबाट*

*अफ्रिका - २ टिम*

*अमेरिका - १ टिम (क्यानडा)*

*एसिया - २ टिम*

*इस्ट एसिया प्यासेफिक - १ टिम (पपुवा न्युगिनी)*

*युरोप - २ टिम (आयरल्यान्ड र स्कटल्यान्ड)*

*जम्मा - ८ टिम*

*नेपालको खेल*

*नेपाल भर्सेस सिंगापुर- कात्तिक १३- त्रिवि मैदान - विहान ९ बजे*

*नेपाल भर्सेस मलेसिया - कात्तिक १४ - त्रिवि मैदान - दिउँसो १:१५ बजे*

*नेपाल भर्सेस ओमान - कात्तिक १६ - त्रिवि मैदान - विहान ९ बजे*

*सेमिफाइनल १ (त्रिवि मैदान), सेमिफाइनल २ (मुलपानी) - कात्तिक १७ - विहान ११ बजे*

*फाइनल - कात्तिक १९- त्रिवि मैदान - विहान ११ बजे*

**नेपाली टिम**

*रोहित पौडेल (कप्तान), कुशल भुर्तेल, आसिफ शेख, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, सन्दीप जोरा, गुल्सन झा, सोमपाल कामी, करण केसी, अभिनास बोहरा, प्रतिश जिसी, विवेक यादव, सन्दीप लामिछाने, ललित राजवंशी, विनोद भण्डारी ।*

# बाइडेन-सि भेटघाटको बाटो 'सहज' छैन- चिनियाँ विदेशमन्त्री वाङ

**एएफपी**

बेइजिङ । वासिङ्टनको दुर्लभ भ्रमण पूरा गर्नुभएका चिनियाँ विदेशमन्त्री वाङ यीले चिनियाँ राष्ट्रपति सि जिनपिङ र अमेरिकी राष्ट्रपति जो बाइडेनबीचको भेटघाटको बाटो 'सहज थिएन' भन्नुभएको सरकारी सञ्चारमाध्यमले बताएको छ ।

यसै साता वाङले अमेरिकी राष्ट्रपति बाइडेन र अन्य वरिष्ठ अमेरिकी अधिकारीहरूसँग भेटघाट गर्नुभयो । शुक्रबार दुवै पक्ष आगामी महिना नेताहरूबीच एउटा बैठक आयोजना गर्न सहमत हुनुभएको थियो ।

दुवै शक्तिबीच तनावपूर्ण सम्बन्धको समयमा अमेरिकी राष्ट्रपति बाइडेनले एसिया-प्रशान्त आर्थिक सहयोग (एपीईसी) शिखर सम्मेलनमा भाग लिन आफ्ना चिनियाँ समकक्षी सिलाई सान फ्रान्सिस्कोमा आमन्त्रण गर्नुभएको छ । अमेरिका जाने बारेमा राष्ट्रपति सिले अहिलेसम्म पुष्टि गर्नुभएको छैन।

सिन्ह्वाका अनुसार विदेशमन्त्री वाङले शनिबार वासिङ्टनमा एस्पेन स्ट्राटिजी ग्रुपद्वारा आयोजित कार्यक्रममा भन्नुभयो, "दुवै पक्षले चाँडोभन्दा चाँडो द्विपक्षीय सम्बन्धलाई स्थिर र सुधार गर्ने आशा गरेका छन् र दुवै राष्ट्र प्रमुखबीच सान फ्रान्सिस्को शिखर सम्मेलनमा सँगै मिलेर काम गर्न सहमत भएका छन् ।"

सिन्ह्वाका अनुसार वाङले चेतावनी दिँदै भन्नुभयो, "सान फ्रान्सिस्को मार्ग सहज छैन र यसलाई 'अटोपाइलट' का भरमा छोड्न सकिँदैन ।" सन् २०२२ नोभेम्बरमा बालीमा भएको भेटयता बाइडेन र सिबीच कुनै सम्पर्क भएको छैन । दुवै मुलुक एसिया-प्रशान्त क्षेत्र र त्योभन्दा बाहिरको प्रभावका लागि प्रतिस्पर्धा गरिरहेको र बेइजिङले अमेरिकी प्रभूत्वलाई कम गर्न रुससँग सहयोग बढाइरहेकाले विश्वका दुई शीर्ष अर्थतन्त्र मुलुकबीच वर्षौंदेखि सम्बन्ध तनावपूर्ण रहेको छ ।

सिन्ह्वाका अनुसार वाङले शनिबार दुवै पक्षले हस्तक्षेप अन्त्य गर्न, अवरोधहरू हटाउन र आम सहमति बढाएर परिणाम हासिल गर्नुपर्ने बताउनुभएको थियो ।

# अफगानिस्तानमा हतियार तथा गोलाबारुद बरामद

**सिन्ह्वा**

तिरिन कोट । प्रहरीले दक्षिणी अफगानिस्तानको उरुजगान प्रान्तमा हातहतियार र गोलाबारुद फेला पारेको प्रान्तीय प्रहरी प्रवक्ता बिलाल उरुजगानीले आइतबार बताउनुभएको छ । उहाँले अवैधरूपमा हतियार र गोलाबारुद राखेको आरोपमा एक जनालाई प्रक्राउ गरेको बताउनुभयो ।

उहाँका अनुसार प्रान्तको उर्जगान जिल्लामा हालै गरिएको अपरेसनमा फेला परेका हातहतियारमा एकेएमका दुई टुक्रा, चार थान पेस्तोल र हजारौं गोली समावेश छन् ।

यस्तै पूर्वी पक्तिया प्रान्तको अहमद आबाद जिल्लामा केही दिनअघि प्रहरीले एकेएमको अर्को टुक्रा पनि बरबमद गरेको थियो ।


## ।। हार्दिक समवेदना ।।



जन्म मिति
वि.सं. २०२०/१०/२९

स्व. रामेश्वर साह

स्वर्गारोहण
वि.सं. २०८०/०६/३०

मेरा प्रिय भाई लेखा अधिकृत शिवनारायण साहका प्रातः स्मरणीय पुज्य पिता **रामेश्वर साह**को मिति २०८०/०६/३० गते ६० वर्षको उमेरमा देहावसान भएको आज १३ औं पुण्य तिथिमा दिवंगत आत्मा प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछु ।

**रामबाबु साह**
लेखा अधिकृत
**नगराइन नगरपालिका, धनुषा**


# बङ्गलादेशमा विपक्षी दलका नेता पक्राउ

**एएफपी**



ढाका । बङ्गलादेशका प्रमुख प्रतिपक्षी दलका नेता आइतबार बिहान पक्राउ परेको सो दलले बताएको छ । तीन महिनापछि हुन लागेको निर्वाचनअघि प्रधानमन्त्रीविरुद्ध आयोजित विशाल विरोध प्रदर्शनको एक दिनपछि उहाँलाई पक्राउ गरिएको हो । बङ्गलादेश नेसनालिस्ट पार्टी (बीएनपी) ले एक विज्ञप्ति जारी गर्दै भनेको छ, "मिर्जा फखरुल इस्लाम आलमगिरलाई प्रशासनका अधिकारीहरूले पक्राउ गरेका छन् ।" अस्ट्रेलियामा रहेकी आलमगिरकी छोरी शमारुह मिर्जाले एएफपीलाई भनिन्, "उहाँलाई प्रहरीले हिरासतमा राखेको छ ।"

ढाका मेट्रोपोलिटन प्रहरीका प्रवक्ता फारुक हुसेनले उहाँको गिरफ्तारीबारे आफूलाई जानकारी नभएको बताउनुभयो । बीएनपीका अध्यक्ष तथा दुई पटक प्रधानमन्त्री बन्नुभएकी खालिदा जियालाई पक्राउ गरेर जेल सजाय दिइएपछि र उहाँका छोरा बेलायतमा निर्वासनमा परेपछि बीएनपीका महासचिव ७५ वर्षीय आलमगिरले पार्टीको नेतृत्व गर्दै आउनुभएको छ । सन् २०२० मा १७ वर्षको जेल सजायबाट रिहा भएपछि जिया नजरबन्दमा बस्दै आउनुभएको छ । प्रदर्शन स्थलमा रहेका एएफपीका पत्रकारहरूका अनुसार बीएनपी र सबैभन्दा ठूलो इस्लामिक पार्टी जमात-ए-इस्लामीले शनिबार गरेको विरोध प्रदर्शन यस वर्षको अहिलेसम्मको सबैभन्दा ठूलो विरोध प्रदर्शन भएको बताएका छन् । साथै आगामी जनवरीमा हुने आम निर्वाचनभन्दा अघि भएको उक्त विरोध प्रदर्शन नयाँ चरण भएको बताइएको छ ।

बङ्गलादेशका दुई प्रमुख विपक्षी पार्टीका एक लाखभन्दा धेरै समर्थकले एउटा तटस्थ सरकार मातहत स्वतन्त्र र निष्पक्ष मतदानको अनुमति दिनका लागि प्रधानमन्त्री शेख हसिनालाई पदबाट राजीनामा दिन माग गर्दै विरोध प्रदर्शनमा भाग लिएका थिए । बङ्गलादेशका संस्थापक नेताकी छोरी हसिना १५ वर्षदेखि सत्तामा हुनुहुन्छ । उहाँले कूल गार्हस्थ्य उत्पादनको मामिलामा बङ्गलादेशमा तीव्रताका साथ आर्थिक विकास गर्नुभएको छ तर मुद्रास्फीति बढेको छ । उहाँको सरकारमाथि भ्रष्टाचार र मानवअधिकार उल्लङ्घनको आरोप लागेको छ । हिंसाको विरोधमा बीएनपी र जमात-ए-इस्लामी दुवै पार्टीले आइतबार देशव्यापी हडतालको आह्वान गरेका छन् । आइतबार राजधानी ढाकामा सुरक्षा व्यवस्था कडा पारिएको छ र हजारौं प्रहरी र अर्धसैनिक सीमा सुरक्षा फौजले बङ्गलादेशको सडकहरूमा गस्ती गरिरहेका छन् ।



मोरङको सुन्दरहरैँचा नगरपालिकाको गोठगाउँस्थित कादम्बिनी कृषि सहकारी संस्थाले व्यावसायिक रूपमा गरेको फूलखेतीमा ढकमक्क फुलेको सयपत्री फूल। *तस्बिर :रासस*

# अरुण तेस्रोको काम ५८ दिनदेखि अवरुद्ध

किमाथाङ्का । सङ्खुवासभामा निर्माणाधीन नौ सय मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजना प्रवेश मार्गको मुआब्जा नपाएपछि पीडितहरु गत भदौ १६ गतेदेखि आन्दोलनमा छन्।

खाँदबारी नगरपालिका-४, छ्याङ्कुटीदेखि चिचिला गाउँपालिका-२, दिदिङ सडकखण्डको छुट मुआब्जाको माग गर्दै पीडितले सडक आन्दोलन गर्दै आएका छन् । छ्याङ्कुटी-दिदिङ पुखुवा सडकखण्डको २४ किलोमिटर क्षेत्रको मुआब्जा पटकपटक माग गरिए पनि मुआब्जा नपाएपछि पीडित अनिश्चितकालीनरुपमा आन्दोलनमा उत्रिएका हुन् । पीडितहरुले दसैँमा पनि आन्दोलनलाई निरन्तरता दिएका छन् ।

अरुण तेस्रो प्रवेशमार्ग मुआब्जा पीडित सङ्घर्ष समितिले आयोजनाको निर्माण सामग्रीमा ढुवानी अवरोध गरी आन्दोलनलाई निरन्तरता दिएको छ । सो सडकखण्डमा अरुण तेस्रो आयोजनाको निर्माण सामग्री ढुवानीमा अरुण तेस्रो प्रवेशमार्ग मुआब्जा पीडित सङ्घर्ष समितिले रोक लगाउँदै आएको छ ।

विद्युत् उत्पादन गृह हाउसको प्रवेश केन्द्र छ्याङ्कुटीमा भेला भएर मुआब्जा पीडितले दैनिक नाराबाजी गर्दै सङ्घर्ष समितिले आयोजनाका सम्पूर्ण ढुवानीका सवारीसाधनमा रोक लगाएको केन्द्रीय सङ्र्घष समिति संयोजक जनीकुमार राईले जानकारी दिनुभयो ।

बैंक खातामा रकम जम्मा हुने ग्यारेन्टी नआए सम्म आन्दोलन नरोक्ने संयोजक राईले बताउनुभयो । मुआब्जा दिन छुट रहेको चार सय ५४ रोपनी जग्गाको मुआब्जा नपाएको भन्दै जग्गाधनीले आयोजनाको निर्माणमा रोक लगाएका छन् । यसबाहेकको जग्गाको मुआब्जा २०४६ सालमा नै दिएको भए पनि छुट जग्गाको मुआब्जा जग्गाधनीले अझै पाउन सकेका छैनन् ।

आयोजनाको ६५ प्रतिशतभन्दा बढी काम सम्पन्न भए पनि जग्गाधनीले मुआब्जा पाएका छैनन् । जग्गाधनीलाई थाहा नै नदिइ विसं २०६६/६७ मा लगत कट्टा भई सरकारी स्वामित्वमा कायम गरिएको पाइएको छ । कतिपय स्थानमा मुआब्जा वितरण भएकोभन्दा बढी लगत कट्टा गरी सरकारीका स्वामित्व कायम गरिएको थियो ।

मुआब्जा नै नदिइ लगत कट्टा गरी सडक सञ्चालन गरेपछि जग्गाधनीले यसअघि पनि पटकपटक सडक आन्दोलन गर्दै आएका छन् । गत वैशाख २६ गते छ्याङ्कुटी-दिदिङ सडक खण्डको छुट मुआब्जा जिल्ला प्रशासन कार्यालय सङ्खुवासभाका प्रमुख जिल्ला अधिकारी संयोजक भएको मुआब्जा निर्धारण समितिले प्रतिरोपनी रु ११ लाख ७५ हजार दिने निर्णय गरेको थियो ।

छुट जग्गाकाबारेमा सरकारको मन्त्रिपरिषद्को बैठकले मुआब्जा दिने निर्णय गरेको भए पनि सरकारले मुआब्जा दिन सकेको छैन । आयोजनाको काम बन्द भएको लामो समय बित्दासमेत बन्द खुलाउने प्रयास कतैबाट नहुँदा राज्यले दैनिक रु पाँच करोड नोक्सानी व्यहोर्नुपरेको छ । अरुण तेस्रो निर्माण गरिरहेको भारतीय सतलज जलविद्युत् निगमसँगको आयोजना विकास सम्झौता (पिडिए) मा स्थानीयको अवरोधका कारण काम रोकिए दैनिक रु पाँच करोड नेपाल सरकारले क्षतिपूर्ति व्यहोर्नुपर्ने सर्त उल्लेख गरिएको छ । रासस

# शिवम् सिमेन्टका उपाध्यक्ष महात्मागान्धी राष्ट्रिय अभिमन पुरस्कारबाट सम्मानित

**टुडे समाचारदाता**

काठमाण्डु । शिवम् सिमेन्टको सेल्स एण्ड मार्केटिङका उपाध्यक्ष निखिल अग्रवाल श्री महात्मागान्धी राष्ट्रिय अभिमन पुरस्कार २०२३ बाट सम्मानित भएका छन्।

ब्राण्डम्यान इन्डिया पिआर एण्ड प्रमोसनद्वारा नयाँ दिल्लीमा आयोजित अवार्ड कार्यक्रममा अग्रवाललाई सम्मान गरिएको हो। ब्राण्डम्यान इन्डिया पिआर एण्ड प्रमोसनले हरेक वर्ष अन्तर ाष्ट्रिय स्तरमा अवार्ड कार्यक्रम गर्दै आईरहेको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका औद्योगिक क्षेत्रहरुलाई प्रोत्साहन गर्नु यसको प्रमुख उद्देश्य हो।




# नेपाल पर्वतारोहण सङ्घको स्वर्णमहोत्सव, विश्वभरका आरोही नेपाल आउँदै

काठमाण्डु । विश्वको सर्वोच्च शिखर सगरमाथा नेपालको शान, मान र गौरव पनि हो । सगरमाथासहित विभिन्न हिमालले नेपालको पहिचानलाई विश्वभर फैलाएको छ। मुलुकको पर्वतीय पर्यटनलाई विश्वबजारमा प्रवर्द्धन गर्न नेपालका चर्चित हिमाल तथा पिकको महत्वपूर्ण भूमिका रहेको छ । तिनै पर्वतीय पर्यटन व्यवसायीहरुको छाता सङ्गठन नेपाल पर्वतारोहण सङ्घले स्थापनाको ५० वर्ष मनाउदैँछ।

नेपालको पर्वतीय पर्यटनको क्षेत्रमा क्रियाशील एकमात्र राष्ट्रिय अल्पाइन क्लबको रुपमा रहेको सङ्घले यही कात्तिक १५ गते ५०औँ स्वर्ण महोत्सव विभिन्न कार्यक्रम आयोजना गरी मनाउन लागेको हो । महोत्सवमा विश्वविख्यात आरोहीहरुको सहभागिता रहने र त्यहाँ समग्र पर्वतीय पर्यटन विकासबारे छलफल हुने आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

उक्त दिवसका अवसरमा कात्तिक १४ गते एशिया महादेशमा रहेका अल्पाइन क्लबहरुको छाता संस्थाको रुपमा रहेको एशियाली पर्वतारोहण महासङ्घको साधारणसभा काठमाण्डु आयोजना हुदैँछ। नेपालको पर्वतीय पर्यटनलाई टेवा पुऱ्याउने उद्देश्यले आयोजना हुने साधारणसभामा १८ वटा अल्पाइन क्लबका अध्यक्ष, महासचिव तथा प्रतिनिधिको सहभागिता रहने जनाइएको छ।

त्यसैगरी कात्तिक १५ गते राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यतामा आर्मी अफिसर्स क्लबमा विशेष समारोह आयोजना गरिनेछ । सो कार्यक्रममा नेपाल सरकारका मन्त्री तथा विशिष्ट अधिकार ीसहित विश्व पर्वतारोहण महासङ्घका अध्यक्ष, एशियाली पर्वतारोहण महासङ्घका



अध्यक्ष, विभिन्न अल्पाइन क्लबका प्रतिनिधि, विश्व विख्यात आरोहीहरु, विभिन्न सङ्घ संस्थाका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहने जनाइएको छ।

दिवसका अवरमा आयोजना हुने विभिन्न कार्यक्रममा सहभागी हुन ८० भन्दा बढी मुलुकमा सञ्जाल भएको विश्व पर्वतारोहण सङ्घका अध्यक्षलाई पनि सहभागिताका लागि आमन्त्रण गरिएको छ । विश्वभरका चर्चित आरोहीको नेपाल आगमन र विभिन्न गन्तव्यको भ्रमणले नेपालको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने सङ्घका महासचिव मोहन लम्सालले बताउनुभयो।

एशियाली पर्वतारोहण महासङ्घ र विश्व पर्वतारोहण महासङ्घका प्रतिनिधिको नेपाल आगमनले नेपालको पर्यटन क्षेत्रको प्रवर्द्धन हुने सङ्घका अध्यक्ष निमानुरु शेर्पाले बताउनुभयो । उहाँले भन्नुभयो,"एशियाली अल्पाइन क्लबका अध्यक्ष र प्रतिनिधि तथा एशियाली महासङ्घका पदाधिकारीको नेपाल आगमन आफैमा नेपालको पर्यटनका निम्ति महत्वपूर्ण विषय हो, विश्व विख्यात आरोही पनि आउने भएकाले नेपालको पर्वतीय पर्यटन क्षेत्रको प्रवर्द्धनमा थप मद्दत पुग्ने छ।"

एशियालीपर्वतारोहणमहासङ्घकोसाधारण सभाले सुरक्षित आरोहणसम्बन्धी रणनीति तयार गर्ने सङ्घका अध्यक्ष शेर्पाले बताउनुभयो । हिमाल संरक्षण र जलवायु परिवर्तनको जोखिम न्यूनीकरणमा साझा अभ्यासबारे पनि छलफल हुनेछ। सोही कार्यक्रममा एनएमएले हरेक वर्ष प्रदान गर्दै आइरहेको कुमार खड्ग विक्रम शाह प्रतिभा पुरस्कार, दावानर्बु शेर्पा पर्वतीय पर्यटन पत्रकारिता पुरस्कार र डा हर्क गुरुङ पर्वतीय पुरस्कार प्रदान गरिने पत्रकार सम्मेलनमा जानकारी दिइयो।

त्यस्तै सङ्घले यसैवर्षदेखि स्थापना गरेको पासाङल्हामु शेर्पा महिला साहसिक पर्वतारोही पुरस्कार आठ हजार मिटरभन्दा माथिका विश्वका १४ मध्ये १० वटा हिमालको सफल आरोहण गरी विश्व कीर्तिमान कायम गर्न सफल महिला आरोही पासाङल्हामु शेर्पा 'अकिता' लाई प्रदान गर्ने निर्णय गरिएको सङ्घले जनाएको छ।

दिवसका अवसरमा जलवायु परिवर्तनले पार्ने अवसरबारे विश्वलाई सन्देश दिने उद्देश्यले सगरमाथाको आधार शिविर नजिक कालापत्थरमा राष्ट्रिय झण्डा फहराउने कार्यक्रम रहेको छ। सगरमाथाको सबैभन्दा छिटो आरोहण गरेर कीर्तिमान कायम गर्ने काजी शेर्पाले लुम्बिनीबाट शान्तिको दीप प्रज्वलन गरी काठमाण्डु हुँदै कालापत्थर पुऱ्याउनाका साथै राष्ट्रिय झण्डा फहराउने कार्यक्रम रहेको सङ्घले जनाएको छ। रासस

# आयात बढ्दा निर्यात घट्यो

काठमाण्डु । चालु आर्थिक वर्षको तेस्रो महिनासम्ममा मुलुकले रु चार खर्ब सात अर्ब ७५ करोड ८९ लाख बराबरको माल वस्तुको आयात गरेको छ।




गत आर्थिक वर्षको सोही अवधिमा रु चार खर्ब ९९ करोड बराबरको वस्तु आयात भएको छ। गत आवको तेस्रो महिनाको तुलनामा चालु आवको तेस्रो महिनासम्म कूल आयात एक दशमलव ६९ प्रतिशतले बढेको छ।

भन्सार विभागले आइतबार सार्वजनिक गरेको गत असोज मसान्तसम्मको विवरणअनुसार तीन महिनाको अवधिमा नेपालको निर्यात भने दुई दशमलव २६ प्रतिशतले ओरालो लागेको छ । विभागका अनुसार सो अवधिमा नेपालबाट रु ४० अर्ब ८७ करोड ४८ लाख बराबरको माल वस्तु निर्यात भएको छ । गत वर्षको तीन महिनाको अवधिमा रु ४१ अर्ब ८२ करोड बराबरको निर्यात भएको थियो।


सो अवधिमा नेपालको वैदेशिक व्यापार रु चार खर्ब ४८ अर्ब ६३ करोड बराबरको वैदेशिक व्यापार भएको छ। गत वर्षको यही अवधिमा रु चार खर्ब ४२ अर्ब ८१ करोड बराबरको वैदेशिक व्यापार भएको थियो।

विभागका अनुसार असोज मसान्तसम्म नेपालको व्यापार घाटा रु तीन खर्ब ६६ अर्ब ८८ करोड बराबर रहेको छ। गत वर्षको सोही अवधिमा रु तीन खर्ब ५९ अर्ब १७ करोड बराबरको व्यापार घाटा भएको थियो। रासस

# सहकारीद्वारा दसैँमा रु ६९ लाखबढीको खसीबोका बिक्री

झापा । झापाको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाले दसैँमा रु ६९ लाख ६० हजार मूल्यको खसीबोका बिक्री गरेको छ। संस्थाबाट कृषि कर्जा लिएर व्यावसायिक बाख्रापालन गरेका झापा र इलाम जिल्लाका किसानबाट ती खसीबोका नगदै किनेर उपभोक्तालाई बिक्री गरेको संस्थाका निर्देशक लक्ष्मण खतिवडाले बताउनुभयो।

किसानबाट किनिएका खसीबोकाको स्वास्थ्य परीक्षण गरेर मात्र बजारमा बिक्रीका लागि पठाइने गरेको उहाँको भनाइ छ। उहाँका अनुसार विगत वर्षमा पनि संस्थाले आफ्ना सदस्य किसानको खसीबोका किनेर चाडपर्वका बेला खुला बजारमा बिक्री गर्दै आएको थियो । यसपालि पहिलोपल्ट इलामबाट सङ्कलित खसीबोका काठमाडौँसम्म लगेर बिक्री गरिएको थियो।



संस्थाको कृषि क्षेत्रका प्रमुख डा कमलेश्वर भाटले यसपालिको दसैँमा औसत ३० केजीका चार सयवटा खसीबोका बिक्री भएको जानकारी दिनुभयो। ती खसीबोका जिउँदै तौलिएर खोरबाटै नगदमा किनिदिँदा किसान चाडका बेला लाभान्वित भएका थिए।

झापा, इलाम, मोरङ, सुनसरी, उदयपुर र पाँचथर जिल्लामा ती खसीबोका बिक्री गरिएका थिए। खसीबोका जिउँदै तौलिएर प्रतिकेजी रु पाँच सय ८० मा बिक्री गरिएको उहाँले जानकारी दिनुभयो।

"हामी कृषकलाई व्यावसायिक बाख्रापालनमा प्रोत्साहित गर्न ऋणसँगै निःशुल्क तालिम, प्राविधिक सहयोग र बीमा प्रदान गरिदिन्छौँ", उहाँले भन्नुभयो, "किसानले उत्पादन गरेका खसीबोका बजारीकरणमा पनि प्रत्यक्षरूपमा सघाउँछौँ । उनीहरूका खसीबोका किनेर बिक्री गरिदिन्छौँ।"

संस्थाले छ जिल्लामा चार सयको सङ्ख्यामा फ्रेस हाउसमा लगानी गरेको र ती फ्रेस हाउसले पनि किसानका खसीबोका अरु बेला किन्ने व्यवस्था मिलाइदिएको उहाँले बताउनुभयो । बाख्रापालक किसान र फ्रेस हाउसबीच व्यापारिक सम्बन्ध गाँसिदिँदा दुवै पक्षलाई फाइदा भइरहेको र बजारीकरणको समस्या नभएको उहाँको भनाइ छ।

बाख्रापालक किसानलाई निःशुल्क प्राविधिक सहयोग पुऱ्याउन संस्थाले पशु चिकित्सकसहित १० कर्मचारी परिचालन गर्दै आएको छ। एक लाख ५७ हजार नौ सय २० जना सदस्य रहेको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थामा ७४ हजार एक सय ३० ऋणी छन्। संस्थाबाट कृषि कर्जा लिनेको सङ्ख्यासमेत उल्लेख्य छ। रासस

# बैंक तथा वित्तीय संस्थामा विदेशी लगानी दुरुत्साहन गर्नुपर्छ : सांसद प्रेम सुवाल

काठमाण्डु। सांसद प्रेम सुवालले बैंक तथा वित्तीय संस्थामा नेपालीको लगानी हुनुपर्नेमा जोड दिनुभएको छ। आइतबारको बसेको प्रतिनिधिसभाको बैठकमा 'बैंकिङ कसुर तथा सजाय (दोस्रो संशोधन) विधेयक २०८० 'मा संशोधन प्रस्ताव प्रस्तुत गर्दै उहाँले बैंक तथा वित्तीय संस्थामा नेपालीकै लगानी हुनुपर्नेमा जोड दिनुभएको हो।

सांसद सुवालले भन्नुभयो, "बैंक तथा वित्तीय संस्थालाई पूर्णरूपमा सरकारी स्वामित्वमा ल्याएर बैंकिङ कसुर नियन्त्रण गर्नुपर्छ। विदेशी लगानी भएको बैंक र वित्तीय संस्था स्थापना र सञ्चालन गर्न दिनुहुदैन।" उहाँले नेपालीको सम्पति सीमाङ्कन गर्न र त्यसलाई विदेशमा राख्न नपाउने व्यवस्था गर्नसमेत सरकारको ध्यानार्कषण गराउनुभयो। "केही व्यक्तिहरुको कम्बोडिया, स्वीजरल्याण्ड, दुबई र बेलायतमा भएको सम्पति अविलम्ब नेपाल फिर्ता ल्याउने व्यवस्था गर्नुपर्छ, अनि मात्र हाम्रो बैंकमा पैसा हुन्छ", सांसद सुवालले भन्नुभयो। रासस

# नेप्से परिसूचकमा गिरावट जारी

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २८ दशमलब १८ अङ्कले ओरालो लागेर एक हजार आठ सय ७५ दशमलब ६५ मा सीमित भएको छ । यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलब १६ अङ्कले ओरालो लागेर तीन सय ६१ दशमलब ९४ मा सीमित भएको छ।



कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट भएको छ। कूल २७ लाख १२ हजार एक सय २३ कित्ता शेयर रु ७४ करोड २९ लाख २५ हजार तीन सय ९२ मूल्यमा कारोबार भएको छ। कारोबारका आधारमा नेशनल हाइड्रोपावर कम्पनी शीर्ष स्थानमा छ। सो कम्पनीको रु चार करोड आठ लाख ५६ हजार तीन सय १५ मूल्यमा खरिदबिक्री भए। यस्तै, हाथवे इन्भेस्टमेन्ट नेपाल रु दुई करोड ४७ लाख २७ हजार ,सिटिजन लाइफ इन्स्योरेन्स रु दुई करोड ३० लाख चार हजार एक सय ८३, नविल बैंक रु दुई करोड १७ लाख ३७ हजार छ सय ५२ र घोराही सिमेन्ट रु एक करोड ९९ लाख एक हजार चार सय ३४ मूल्यमा कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार माथिल्लो सोलु हाइड्रो आठ दशमलब ९९, सिवाइसी नेपाल लघुवित्त छ दशमलब ६०, घलैम्दी हाइड्रो पाँच दशमलब ७१, बीपीडब्ल्यू लघुवित्त पाँच दशमलब ६२ र सयपत्री हाइड्रोपावरका लगानीकर्ताले तीन दशमलब ६७ प्रतिशतले कमाएका छन्।

यस्तै, सोनापुर मिनरल्स १०, नेशनल हाइड्रोपावर सात दशमलब ९२, एनआइबीएल प्रगति फण्ड पाँच दशमलब ५७, एनआइसी एशिया ग्रोथ फण्ड पाँच दशमलब ५३ र इन्वा हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलब ३३ प्रतिशतले गुमाएका छन्। रासस

# लागूऔषध सेवन गरी आफ्नै साथीको हत्या

जनकपुरधाम उप-महानगरपालिका वडा नं. २३ स्थित बाटोमा मोवाईल सेटको विषयमा वाद-विवाद हुँदा हरिचन मण्डलले बाँसको भाटाले रुपेशको टाउको लगायत पिठ्युको भागमा प्रहार गरी फालेको प्रहरीले जनाएको छ ।



**टुडे समाचारदाता**

जनकपुरधाम । साथीको हत्यामा संलग्न रहेको आरोपमा धनुषा प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको छ ।

जनकपुरधामउपमहानगरपालिका-२४ सोनापाडाका रुपेश महरा चमारको हत्यामा संलग्न रहेको आरोपमा औरही गाउँपालिका वडा नम्बर ६ चक्कर टोल हाल जनकपुरधाम २४ बसहिया बस्ने पवन सहनी र जनकपुरधाम २४ बसहिया मुसहरी टोलका हरिचन मण्डललाई नियन्त्रणमा लिइएको छ ।

कात्तिक १० गते इस्कन मन्दिर नजिक धानखेतमा महराको शव भेटिएको थियो । प्रहरीको प्रारम्भिक अनुसन्धानबाट हत्यामा उनकै साथीद्वय सहनी र मण्डलको संलग्नता रहेको जनाइएको छ । तीनै जना साथी गत बुधबार टेम्पो चढी जटही हुँदै भारतको पारी बजारमा गइ लागू औषध नाईट्राभेट ट्यावलेट खरिद गरी पेयपदार्थमा मिसाइ सेवन गरेका थिए ।

पुनः जनकपुर आई सोही राति साढे ९ बजे जनकपुरधाम उप-महानगरपालिका वडा नं. २३ स्थित बाटोमा मोवाईल सेटको विषयमा वाद-विवाद हुँदा हरिचन मण्डलले बाँसको भाटाले रुपेशको टाउको लगायत पिठ्युको भागमा प्रहार गरी फालेको प्रहरीले जनाएको छ । पवन सहनीले निज हरिचन मण्डललाई सहयोग गरेको खुलेको छ ।

घटनाको क्रममा मृतक रुपेशले प्रयोग गर्ने साइकल, मोबाइल सेट, घटनामा संलग्न रहेका हरिचनले हत्या गर्ने समयमा प्रयोग गरेको टिसर्ट, बाँसको भाटा, पवन सहनीको मोबाइल समेत जिल्ला प्रहरी कार्यालय धनुषाले बरामद गरेको छ । पक्राउ परेका दुबै जनाविरुद्ध कर्तव्य ज्यान मुद्दामा थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

# १६ वर्षदेखि जनकपुरको अन्तर्राष्ट्रिय रंगशाला अलपत्र

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामको श्री रामजानकी बहुउद्देश्यीय अन्तर र्ाष्ट्रिय रंगशाला पछिल्ला १६ वर्षदेखि अलपत्र अवस्थामा रहेको छ । २०६४ सालमै नेपाल सरकारबाट अन्तर्राष्ट्रिय रंगशालाको मान्यता पाएको सो रंगशाला अहिलेसम्म निर्माणका लागि कुनै ठोस कदम अगाडि बढ्न सकेको छैन ।

एकै समयमा निर्माणको अनुमति पाएको पोखराको रंगशाला अन्तर्राष्ट्रियस्तरको भइसकेको छ । श्रीरामजानकी रंगशालाको निर्माण कार्य २०६४ देखि नै भएको हो । रंगशालाका अभियन्ता दिनेश पुर्वेले २०७४ देखि नै अन्तर्राष्ट्रियस्तरको रंगशाला बनाउन पहल गरेका थिए । २०६७ मा तत्कालीन खेलकुदमन्त्री गणेश नेपालीलाई ज्ञापनपत्र बुझाउँदै उनले श्रीरामजानकी रंगशालालाई अन्तर्राष्ट्रियस्तरको बनाउन पहल गरेका थिए ।

१६ वर्ष बित्दा पनि यो रंगशालाले पूर्णता पाउन सकेको छैन । कछुवा गतिमा रंगशालाको निर्माण कार्य अगाडि बढिरहेको छ । पुर्वेले २०७४ मा राष्ट्रिय खेलकुद परिषद् र गुठी संस्थाबीच वार्षिक नौ लाख रुपैयाँ तिर्ने गरी जनकपुरधाम-१३ स्थित रजौलमा १७ बिघा जग्गा ३० लाखमा लिजमा लिए । १७ बिघा जग्गा लिजमा लिए पनि अपेक्षाअनुसार निर्माण कार्य अगाडि बढ्न नसक्दा अलपत्र रहेको छ । रजौलस्थित प्रस्तावित श्रीरामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय खेल मैदानले आकार लिने पर्खाइमा थुप्रै खेलप्रेमी छन् ।

दशकअगाडिदेखि निर्माणको काम थालिए पनि सम्पन्न हुन नसक्दा उनीहरू निराश छन् । युवा र खेलप्रेमीहरू रंगशाला निर्माण सम्पन्नको अपेक्षामा छन् । यद्यपि, रंगशाला प्रचारप्रसारका लागि तत्काल मधेश सरकारको खेलकुद मन्त्रालयबाट २० लाख बजेट आएको थियो । यसैबाट रंगशालामा घेराबेरा घेरियो । उपमहानगरको २० लाख सहयोगमा क्रिकेट पिचको निर्माण भएको छ ।



रंगशाला अभियन्ता पुर्वेले तीनै तहका सरकार गम्भीर नहुँदा श्रीरामजानकी रंगशाला दशकदेखि अलपत्र अवस्थामा रहेको आरोप लगाएका छन् । शुरुमा प्रदेश सरकारले रंगशाला निर्माणका लागि आवश्यक पहल नगरेको होइन । तर, तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले रंगशालालाई तीन तहमा स्थानीय, प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा वर्गीकरण गरेका थिए । ओली सरकारको रंगशाला वर्गीकरणका कारण नै श्रीरामजानकी रंगशाला पछाडि परेको पुर्वेले बताए ।

'तत्कालीन ओली नेतृत्वको सरकारले स्थानीयस्तरका ७५३, प्रदेशस्तरका ७ र राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरको एक रंगशाला बनाउने निर्णय गरेको थियो,' उनले भने, 'जनकपुरधाममा रंगशाला निर्माणको बजेट विनियोजन भएन ।'

जनकपुरधाममा आउनुपर्ने बजेट झापाको दमकमा मदन भण्डारी रंगशालामा बजेट जाँदा नै रंगशाला निर्माणको गति रोकिएको उनले बताए । 'हामीले प्राप्त गर्नुपर्ने बजेट झापा लगियो, सरकारले नै जनकपुरसँग विभेद गरेको छ,' उनले भने ।

प्रदेशस्तरीय अन्तर्राष्ट्रिय रंगशालाका रूपमा अगाडि बढाउने क्रममा वीरगञ्जमै विरोध सुरु भएपछि तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले रंगशाला निर्माणमा खासै चासो दिएनन् । यसले पनि रंगशालाको कार्य नै प्रभावित भएको मानिन्छ । पुर्वेले भने, 'शुरुमा प्रदेश सरकारले सहयोग गऱ्यो, तर वीरगञ्जमा विरोध भएपछि मुख्यमन्त्री राउत नै पछाडि हटे ।' प्रदेश सरकारको असहयोगले रंगशालाको कार्य अगाडि नबढेको उनले आरोप लगाएका छन् । जनकपुरधाम उपमहानगरपालिकाले पनि रंगशाला निर्माणमा कुनै चासो नराखेको उनको बुझाइ छ ।

क्रिकेट, हक्की, फुटबल, स्वीमिङ पुलसहितका खेल खेलाउन मिल्ने रंगशालाको निर्माण कार्यमा अहिलेसम्म प्रदेश सरकारले ९० लाख रुपैयाँ मात्रै लगानी गरेको छ । प्रदेश सरकारले श्रीरामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रंगशाला प्रदेशकै गौरवका रूपमा हेरेको छ । तर, त्यसको सम्पूर्ण कार्यको जिम्मेवारी राष्ट्रिय खेलकुद परिषद्को मातहतमा छ ।

रंगशालाका लागि लिजमा लिइएको जग्गा राखेपको नाममा छ । 'यस्तोमा प्रदेश सरकारले सीमित रूपमा मात्रै बजेट विनियोजन गरिरहेको छ, यस विषयमा तीन तहका सरकारबीच समन्वय हुनु आवश्यक छ,' प्रदेश सरकारमा शिक्षा तथा समाज कल्याण मन्त्रालयका एक अधिकारीले भने ।

अभियन्ता पुर्वेले रंगशाला बनाउन भारत सरकार सहयोग गर्न तयार रहे पनि सम्बन्धित निकायबाट समयमा पहल नहुँदा अलपत्र परेको आरोप लगाए ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुर भ्रमणमा आउँदा जनकपुरधामको विकासका लागि १ अर्ब भारतीय रुपैयाँ सहयोग गर्ने घोषणा गरेका थिए । शुरुमा उक्त रकम प्रदेश सरकार, जनकपुरधाम उपमहानगरपालिका र संघीय सरकारमातहत रहेको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मध्ये कसले खर्च गर्ने भनेर विवाद लामो समयसम्म रहिरह्यो । तर, ६ महिनाअघि मात्रै उक्त रकम प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिकाले श्रीरामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रंगशाला निर्माणमा खर्च गर्ने सहमति भएको छ । सहमति भए पनि त्यो रकम ल्याउने अहिलेसम्म कुनै ठोस पहल नभएको अभियन्ता पुर्वेले बताए ।

यता, रंगशाला निर्माणको शीर्षकमा आएको बजेट पटक-पटक फ्रिज हुँदै आएको छ । खेलकुद मन्त्रालयले २१ मंसिर २०७५ मा रंगशालाको लागत इस्टिमेट तयार गरेको थियो । निर्माण कार्यमा ६ अर्ब १९ करोड लागत देखियो । आर्थिक वर्ष ०७५/७६ मा २ करोड ५० लाख रकम विनियोजन भयो । १ करोडको लागतमा बाउन्ड्रीको पर्खाल र सुरक्षाकर्मी बस्ने चारकोठे भवन निर्माण भयो । त्यसबाहेक अन्य रकम फ्रिज भयो ।

आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकारले रंगशालाका लागि ५ करोड र २०७७/७८ मा १ करोड विनियोजन हुँदा सबै फ्रिज भएको थियो । २०७८/७९ मा पनि सरकारबाट १ करोड रकम विनियोजन भयो । सो आर्थिक वर्षमा भाडाको १८ लाखबाहेक बाँकी रकम फ्रिज भएको पुर्वेले बताए ।

# १७ दिनदेखि अनशन जारी

**टुडे समाचारदाता**

राजविराज । रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम हालसम्म अघि बढ्न नसकेको भन्दै आक्रोशित बनेका स्थानीयवासीले विगत १७ दिनदेखि थालेको अनिश्चितकालीन रिले अनशनलाई आइतबार पनि निरन्तरता दिएका छन् ।

संर्घष समितिका संयोजक राम कुमार दासको नेतृत्वमा १७औं दिन आइतबार पनि २४ घण्टे रिले अनशनलाई निरन्तरता दिइएको छ ।

शिलान्यास भएको २५ महिना बितिसक्दा पनि शुरु हुन नसकेको प्रतिष्ठानको निर्माण कार्यलाई यथाशिघ्र अघि बढाउनु पर्ने, प्रतिष्ठानको पूर्वाधार तयारी विकास समितिमा रिक्त भएका पदहरुमा अविलम्ब पदाधिकारी र कर्मचारी नियुक्त गर्नुपर्ने, प्रतिष्ठान निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गर्नुपर्ने लगायतका ५ बुंदे माग अघि सार्दै गत असोज २६ देखि रिले अनशन शुरु भएको हो ।

दिनमा चर्को घाम र बिहान बेलुका चिसो हावा सहेर १७ दिन देखि स्थानीयवासी पालैपालो अनशनमा बस्ने गरेका छन् । यस अवधिमा प्रतिनिधिसभा सदस्य डा. सीके राउत, नवलकिशोर साह, राष्ट्रियसभा सदस्य रन्जु ठाकुर, लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो, मधेश प्रदेशका शिक्षा मन्त्री लगायत एक दर्जन सांसद, मन्त्री र नेताहरु अनशन स्थलमा पुगिसकेका छन् । ती सबैले प्रतिष्ठानको काम सुचारुका लागि आवश्यक पहल गर्ने आश्वासन दिँदै फर्किने गरेको र हालसम्म कुनै सकारात्मक नतिजा प्राप्त नभएको संघर्ष समितिका संयोजक दासको भनाइ छ ।



पाँच वर्ष भित्रै निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण गरिसक्ने भनिए पनि सरकारले शिलान्यास गरेको २ वर्ष नाघि सक्दा पनि निर्माण नै शुरु नगर्दा स्थानीय आक्रोशित बनेका छन् ।

प्रतिष्ठान निर्माणस्थलमा बोर्ड राख्ने, जग्गा तारजालीले घेरबार गर्ने र डिपिआर निर्माण गर्ने बाहेक अरु केही काम भएको छैन । प्रतिष्ठान निर्माण स्थल वेवारिसे अवस्थामा रहँदा अहिले गौचरनमा परिणत भएको छ ।

प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा चुनावी मुद्दा बन्ने गरेको प्रतिष्ठान यतिबेला अलपत्र अवस्थामा रहेको र कसैले चासो नदेखाएपछि आन्दोलनमा उत्रिनु परेको संघर्ष समितिका संयोजक दासको भनाइ छ । उनले आफूहरुको माग सम्बोधन नभएसम्म रिले अनशनका साथै आन्दोलनका अन्य सशक्त कार्यक्रमहरु ल्याउने तयारी गरिएको समेत जानकारी दिए ।

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने नीति अनुसार २०७५ साल पुस १६ गते मन्त्रिपरिषद्को बैठकले मधेश प्रदेशको राजविराजमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो ।

यसका लागि २०७८ जेठ २१ गतेको मन्त्रिपरिषद्को बैठकले प्रतिष्ठान निर्माण गर्न राजविराज नगरपालिका १० विरौलस्थित ६२ बिघा जग्गा प्रतिष्ठानका नाममा ३० वर्षका लागि लिजमा दिने निर्णय गरेको थियो । जग्गाको टुङ्गो लागेपछि सोही जग्गामा २०७८ असार २२ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठानको भवन निर्माण कार्यको भर्चुअल माध्यमबाट शिलान्यास गरेका थिए । तर २५ महिना बितिसक्दा पनि भवनको त कुरै भएन, एउटा इट्टासम्म नहालिएको स्थानीयको भनाइ छ ।

गजेन्द्र नारायण सिंह अस्पतालको एउटा कोठा लिएर प्रतिष्ठान संचालनमा ल्याइएको पूर्वाधार तयारी विकास समितिको कार्यालय अहिले बोर्डमा मात्र सीमित भएको छ । समितिका अध्यक्ष डा.रोहित पोखरेल प्रदेश सभाको निर्वाचनमा उम्मेदवार बनेपछि अर्को अध्यक्ष नियुक्त गरिएको छैन ।

गजेन्द्र नारायण सिंह अस्पतालका तत्कालीन मेडिकल सुपरिटेण्डेण्ट एवं प्रतिष्ठानका कार्यकारी निर्देशन डा.रञ्जित कुमार झा सरुवा भएर अन्यत्र गएपछि १ वर्ष यता कार्यकारी निर्देशकको पदसमेत रिक्त छ । यस्तै प्रष्ठिानमा कार्यरत ३ जना कर्मचारीको करार म्याद सकिएपछि प्रतिष्ठान कर्मचारीविहीन बनेको छ ।

यद्यपि म्याद सकिए पनि र लामो समयदेखि तलब पाउन नसक्दा पनि आश्वासन कै भरमा कम्प्युटर अपरेटर नितु कुमारी दास कार्यालय आउने गरेकी छन् । उनी लामो समयदेखि तलब पाउन नसकेपनि प्रतिष्ठानको काम छिट्टै शुरु हुने र तलब पाउने आशमा कार्यालय आउने गरेको बताउँछिन् ।

पदाधिकारीविहीन समितिको कार्यालयमा लाखौं रुपैयाँ खर्चेर खरिद गरिएका सामान थन्किएका छन् । प्रतिष्ठानको पूर्वाधार तयारी विकास समिति कार्यालयको लागि आर्थिक वर्ष २०७५/०७६ देखि हालसम्म १६ करोड १० लाख रुपैयाँ बजेट विनियोजन भएको छ । जस मध्ये ३ करोड १६ लाख ४७ हजार खर्च भएको छ भने १२ करोड ९३ लाख ५२ हजार रुपैयाँ खर्च हुन नसकेर फिर्ता भएको बताइएको छ । कुल ११ अर्ब ९८ करोड रुपैयाँको लागतमा निर्माण हुने प्रतिष्ठानको काम ५ वर्षभित्र सम्पन्न हुने भनिएको थियो ।

# २५० किलो गाँजा बरामद

**टुडे समाचारदाता**

सर्लाही । ट्याक्टरमा राखेर भारततर्फ निकासी गर्न लागेको ठूलो परिमाणको लागूऔषध गाँजासहित दुई युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

विशेष प्रहरी टोलीले शनिबार राति कविलासी नगरपालिका-९, सलेमपुर भलुवाहीबाट २५० किलो गाँजा, त्यसको ओसारपसारमा प्रयोग गरिएको ट्याक्टर र दुई युवकलाई पक्राउ गरेको छ ।

भलुवाहीस्थित झिम नदीको किनार हुँदै ज १ त ५५५१ नम्बरको ट्याक्टरमा राखेर दक्षिणतर्फ लैजाँदै गरिएको गाँजा बरामद भएको सर्लाही प्रहरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) दीपेन्द्र पन्जियार थारुले जानकारी दिए ।

गाँजा ओसारपसारमा संलग्न ट्याक्टरका चालक कविलासी नगरपालिका-१०, का २८ वर्षीय भाग्यनारायण महतो र ट्याक्टरमा सवार सोही ठाउँकै २४ वर्षीय रवि भन्ने रविन्द्र रायलाई पक्राउ गरी थप अनुसन्धान भइरहेको डीएसपी थारुले बताए ।

इलाका प्रहरी कार्यालय हरिपुरबाट प्रहरी निरीक्षक (इन्स्पेक्टर) ठाकुर सापकोटाको नेतृत्वमा खटिएको प्रहरीले बरामद गरेको गाँजा र पक्राउ परेका व्यक्तिलाई आइतबार जिल्ला प्रहरी कार्यालय मलङ्गवामा पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको छ ।




प्रहरीका अनुसार १९ वटा पोकामा रहेको उक्त गाँजा ३० लाख रुपैयाँ बराबरको रहेको अनुमान गरिएको छ । उक्त गाँजा सर्लाहीकै चुरेभेग तथा छिमेकी जिल्ला सिन्धुली वा मकवानपुरतर्फबाट ल्याएको हुनसक्ने प्रहरीले आशङ्का गरेको छ । पत्रकार सम्मेलनमा सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) प्रवीण धितालले गाँजा ओसार्न प्रयोग गरिएका व्यक्ति पक्राउ गरिएको र यसको मालिक को हुन ? भन्ने विषयमा अनुसन्धान गरिने बताए ।



## नागरिक बडापत्र पढौं, छिटो र छरितो सेवा प्राप्त गरौं ।

- सर्वसाधारणलाई सेवा प्रदान गर्ने र जनसम्पर्क हुने कार्यालयमा नागरिक वडापत्र राखिएको हुन्छ ।
- नागरिक वडापत्रमा कार्यालयले दिने सेवा र प्रकृति उल्लेख गरिएको हुन्छ ।
- त्यस्तो सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि, लाग्ने समय, दस्तुर, सेवा दिने अधिकारीलगायत विविध विषय उल्लेख गरिएको हुन्छ ।
- तोकिए बमोजिम सेवा प्राप्त नभएमा गुनासो सुन्ने अधिकारी एवं क्षतिपूर्ति सम्बन्धी व्यवस्थासमेत उल्लेख गरिएको हुन्छ ।

त्यसैले

सेवाग्राहीको सुविधाका लागि राखिएको नागरिक वडापत्र पढ्ने बानी बसालौं, छिटो छरितो सेवा प्राप्त गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# सवारीसाधनको प्रेसर हर्न निकाल्ने अभियान

**टुडे समाचारदाता**

बारा । मधेश प्रदेशमा सवारीसाधनको प्रेसर हर्नले ध्वनि प्रदूषण बढेको भन्दै ट्राफिक प्रहरीले प्रेसर हर्न निकाल्ने अभियान चलाएको छ ।

अभियान अन्तर्गत मधेश प्रदेशको बारा जिल्ला लगायत आठवटै जिल्लाको सड्कखण्डमा ध्वनि प्रदूषण नियन्त्रणका लागि ३ दिने अभियान थालिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय तथा मातहतका ट्राफिक प्रहरी कार्यालयहरुले विभिन्न स्थानमा ठूला सवारी साधनहरुको प्रेसर हर्न जाँच चेक गरी कारबाही गर्दै प्रेसर हर्न निकाली सवारी चालकहरुलाई प्रेसर हर्न प्रयोग नगर्नका लागि सम्झाउने र बुझाउने गरेका छन् ।




सोही अन्तर्गत जिल्ला ट्राफिक प्रहरी कार्यालय बाराले समेत तीन दिने अभियानको सुरुवात गर्दै ठूला सवारीसाधनबाट प्रेसर हर्न निकाल्ने अभियान थालेको जनाएको छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८